का.जि.प्र.का.द.नं. १००/०५९/६०

- वर्ष १८, अंक १५६
- २६ साउन २०७७, सोमबार
- 10 August 2020, Monday

www.madhyanhadaily.com

पृष्ठ ८ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

**अपडेट: आइतबार साँझसम्म**

| | संक्रमित | निको भएको | परीक्षण गरिएको | आइसोलेसनमा | मृत्यु |
|---|---|---|---|---|---|
| नेपालमा | २२९७२ जना | १६३५३ जना | ४४३८०५ जना | ६५४४ जना | ७५ जना |

स्रोत : स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

| | संक्रमित | निको भएको | मृत्यु भएको | उपचारत |
|---|---|---|---|---|
| विश्वभर | १ करोड ९८ लाख ९३ हजार | १ करोड २७ लाख ७३ हजार | ७ लाख ३१ हजार | ६३ लाख ८८ हजार |

स्रोत : वर्ल्डोमिटर डटकम

# आइसोलेसनमा शीर्ष नेताहरू

## आइसोलेसनमा प्रचण्ड, महासचिव पौडेल, मन्त्री यादव

**आन्तरिक विवाद चर्किंदै गएपछि पार्टी विभाजनकै नजिक पुगेका बेला नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का नेताहरू भने संक्रमितसँग 'क्लोज कन्ट्याक्ट'मा देखिएपछि आइसोलेसनमा बस्न बाध्य भएका छन् ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, २५ साउन ।

नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का महासचिव बिष्णुप्रसाद पौडेलको पीएसओमा कोभिड-१९ को संक्रमण पुष्टि भएको छ । पीएसओलाई कोरोना पुष्टि भएपछि महासचिव पौडेल आइसोलेसनमा बसेका छन् । संक्रमित पीएसओलाई भने नेपाल प्रहरी अस्पतालमा भर्ना गरिएको छ । स्रोतका अनुसार, संक्रमण पुष्टि भएपनि पीएसओमा लक्षण भने छैन ।

सँगै हिड्ने पीएसओमा संक्रमण पुष्टि भएपछि महासचिव पौडेलले आइतबारबाट सबै भेटवार्ता रोकेका छन् । केही दिन महासचिव पौडेल आइसोलेसनमा बस्ने भएका छन् । यसअगाडि नेकपाका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड समेत आइसोलेसनमा बसिसकेका छन् । २२ साउनदेखि प्रचण्ड आइसोलेसनमा बसेका हुन् ।



*नेपाल कम्युनिष्ट पार्टी (नेकपा)को एकता कायम राख्नुपर्ने अभियानमा संग्लन नेकपाका प्रतिनिधिसभा र राष्ट्रियसभाका सदस्यको सिंहदरबारमा आइतबार आयोजित पत्रकार सम्मेलन ।*

२१ साउनमा गरिएको परीक्षणमा प्रचण्ड सहित सचिवालय र परिवारका सदस्यहरुको रिपोर्ट नेगेटिभ आएको थियो । तर, निजी निवास खुमलटारको बाहिरी घेरामा बस्ने ६ जना सुरक्षाकर्मीमा कोरोना संक्रमण देखिएको थियो । सुरक्षाकर्मीहरुमा संक्रमण देखिएपछि प्रचण्ड आइसोलेसनमा बसेका छन् । २३ साउनमा सम्पादकहरुसँग बस्नलाई तय गरिएको भेटवार्ता समेत प्रचण्ड आइसोलेसनमा बस्नुपर्ने भएकाले स्थगित गरिएको थियो ।

अध्यक्ष प्रचण्डमा मात्रै नभएर प्रधानमन्त्री केपी शर्मा ओली र गृहमन्त्री रामबहादुर थापा समेत आइसोलेसनमा बस्नुपर्ने अवस्था सिर्जना भएको छ । प्रदेश-२ का आन्तरिक मामला तथा कानून मन्त्री ज्ञानेन्द्र यादवमा कोरोना संक्रमण देखिएपछि प्रधानमन्त्री ओली सहित उनको सचिवालयले २३ साउनमै कोरोना परीक्षण गराएका थिए । सबैको रिपोर्ट नेगेटिभ आएको छ । तर, रिपोर्ट आएको केही दिनसम्म आइसोलेसनमा बस्नुपर्ने चिकित्सकको सल्लाह छ ।

२४ साउनमा गृहमन्त्री थापाको पनि कोरोना रिपोर्ट नेगेटिभ आएको छ । प्रधानमन्त्री ओली र गृहमन्त्री थापा साउन १४ गते आयोजित एक कार्यक्रममा सँगै थिए । त्यस दिन सामुहिक तस्वीर समेत लिएका मन्त्री यादवलाई साउन १९ गते संक्रमण पुष्टि भएको थियो । मन्त्री यादवलाई संक्रमण पुष्टि बाँकी पृष्ठ २ मा

### भारतले भन्यो

# बुद्ध नेपालमै जन्मेका हुन्

**गौतम बुद्ध र महात्मा गान्धी भारतका दुई ठूला व्यक्ति भएको भन्ने भारतीय विदेशमन्त्री एस जयशंकरको अभिव्यक्ति सच्याउँदै भारत सरकारले गौतम बुद्ध नेपालमै जन्मेको प्रष्टिकरण दिएको छ ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, २५ साउन ।

भारतीय विदेशमन्त्री एस जयशंकरले गौतम बुद्ध र महात्मा गान्धी भारतका दुई ठूला व्यक्ति भएको अभिव्यक्ति दिएपछि नेपालमा तीव्र आलोचना भएको छ । प्रमुख प्रतिपक्षी दल नेपाली कांँग्रेसका प्रवक्ता विश्वप्रकाश शर्माले विदेशमन्त्री शंकरको अभिव्यक्तिप्रति आपत्ति जनाएका थिए । सत्तारुढ नेकपाका विदेश विभाग प्रमुख माधवकुमार नेपालले पनि जयशंकरको अभिव्यक्तिमा आपत्ति जनाए ।



परराष्ट्र मन्त्रालयले प्रेस नोट जारी गर्दै यसप्रति आपत्ति जनाएको थियो । प्रेस नोट जारी गर्दै परराष्ट्र मन्त्रालयले गौतम बुद्ध नेपालमा जन्मिएका हुन् भन्ने प्रमाण अकाट्य भएको प्रष्ट पारेको थियो । मन्त्रालयले ऐतिहासिक र पुरातात्विक ढंगले प्रमाणित भएर स्थापित तथा अकाट्य भइसकेको समेत उल्लेख गरेको छ ।

परराष्ट्र मन्त्रालयले सन् २०१४ मा नेपाल भ्रमणका क्रममा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले नेपालको संसद सम्बोधन गर्दै बुद्धको जन्मभूमि नेपाल भएको बताएको पनि संस्मरण गरेको थियो । विदेश मन्त्री जयशंकरको अभिव्यक्तिप्रति नेपालमा जनस्तरमै विरोध तीव्र भयो । यसपछि भने भारतीय भारतीय विदेश मन्त्रालयले मन्त्री जयशंकरको अभिव्यक्तिबारे प्रष्टिकरण दिएको छ । विदेश मन्त्रालयले गौतम बुद्ध नेपालमा नै जन्मिएका हुन् भन्नेमा कुनै शंका नरहेको उल्लेख गरेको छ। परराष्ट्र मन्त्रालयले प्रेस नोट जारी गर्दै आपत्ति जनाएपछि भारतीय विदेश मन्त्रालयले जवाफ दिएको छ ।

"कुनै शंका छैन, गौतम बुद्ध लुम्बिनीमा जन्मिएका हुन् । जुन ठाउँ नेपालमा पर्छ", भारतीय विदेश मन्त्रालयको बक्तव्यमा उल्लेख छ । भारतीय विदेश मन्त्री जयशंकरले गौतमबुद्धको जन्मस्थलबारे दिएको अभिव्यक्ति प्रति विवाद गर्नुपर्ने कुनै कारण नरहेको पनि मन्त्रालयले जनाएको छ । अगस्ट ८ मा भारतीय उद्यमी तथा व्यापारीहरूको छाता संगठन भारतीय उद्योग परिसंघको कार्यक्रमलाई सम्बोधन गर्दै विदेश मन्त्री जयशंकरले गौतम बुद्धबारे विवादास्पद अभिव्यक्ति दिएका थिए । उनले भनेका थिए, "आजसम्म हामी सबै दुई जना महान भारतीयहरूलाई चिन्दछौं । गौतम बुद्ध र महात्मा गान्धी ।"

# २४ घण्टामा संक्रमित धेरै राजधानीमा

**३६० जना संक्रमित थपिएको आइतबार सवैभन्दा बढी संक्रमित राजधानी उपत्यकामा भेटिएका छन् । काठमाडौंमा मात्रै ९० जनामा संक्रमण पुष्टि भएको छ ।**

**राजेन्द्र प्रजापति/मध्यान्ह**
काठमाडौं, २६ साउन ।

नेपालमा थप ३८० जनामा कोभिड-१९ संक्रमण देखिएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार पछिल्लो २४ घण्टामा आठ हजार ५१५ जनाको पिसीआर परीक्षण गरिएकोमा ३८० मा कोरोना संक्रमण पुष्टि भएको हो । आइतबार थपिएको सहित संक्रमित संख्या २२ हजार ९७२ पुगेको छ ।

आइतबार काठमाडौं उपत्यकामा मात्रै थप ९२ जनामा संक्रमण पुष्टि भएको छ । काठमाडौंमा ९० र ललितपुरमा दुई जनामा संक्रमण भएको मन्त्रालयले जनाएको छ । तर, बितेको २४ घण्टामा ४० जना मात्रै निको भएका छन् ।

यो सहित आइतबारसम्म डिस्चार्ज हुनेको संख्या १६ हजार ३५३ पुगेको छ । मुलुकभर क्वारेन्टिनमा ११ हजार ३८ जना छन् । हालसम्म चार लाख ४३ हजार ८०४ जनाको पिसीआर परीक्षण गरिएको मन्त्रालयका प्रवक्ता डा जागेश्वर गौतमले जानकारी दिए ।

आइतबार थप दुई जनाको कोरोना संक्रमणबाट मृत्यु भएको छ । कास्कीको पोखरा महानगरपालिका-१९ का ६२ वर्षीय एक पुरुषको यही साउन २४ गते उपचारका



*कोरोना संक्रमितबाट मृत्यु भएका पोखरा महानगरपालिका- १९ का ६२ वर्षीय पुरुषको शव महानगर-३२ मजुवास्थित रातोपहिरो घाटमा व्यवस्थापन गर्दै नेपाली सेना । तस्बिरः राधिका कँडेल*

क्रममा मृत्यु भएको थियो । ती पुरुषमा मधुमेहको समस्या थियो । यस्तै पर्साको वीरगञ्ज महानगरपालिका-२ का २० वर्षीया महिलाको साउन २४ गते मृत्यु भएको थियो । योसँगै हालसम्म कोरोनाबाट मृत्यु हुनेको संख्या ७५ पुगेको छ ।

मन्त्रालयका अनुसार मुलुकभर छ हजार ५४४ कोरोनाका सक्रिय संक्रमित छन् । प्रदेशगत रूपमा प्रदेश नं १ मा ५११, प्रदेश नं २ मा तीन हजार ७५, वाग्मती प्रदेशमा एक हजार १३२, गण्डकी प्रदेशमा २३७, प्रदेश नं ५ मा ४४६, कर्णाली प्रदेशमा १६९ र सुदूरपश्चिम प्रदेशमा ९७४ छन् ।

पछिल्लो विवरणअनुसार विश्वभर एक करोड ९८ लाख १७ हजार ५७४ जना कोरोनाका संक्रमित भएका छन् । हालसम्म सात लाख २९ हजार ७४८ जनाको मृत्यु भइसकेको छ । एक करोड २७ लाख ५० हजार ३८४ जना निको भइसकेका छन् ।

नेपालमा कोरोनाको पीसीआर परीक्षण प्रति १० लाख जनसंख्यामा दुई दशमलव ७५ रहेको छ । संक्रमणबाट मुक्त हुने दर ७१ दशमलव एक रहेको छ । पाँच सयभन्दा बढी सक्रिय सङ्क्रमित रहेका चार जिल्ला पर्सा, रौतहट, महोत्तरी र काठमाडौं छन् । त्यस्तै कोरोनाका सङ्क्रमित शून्य रहेका सात बाँकी पृष्ठ २ मा

# दुई चर्चित व्यवसायीको कांग्रेस प्रवेशले पाएको चर्चा

**मध्यान्ह संवाददाता**
काठमाडौं, २५ साउन

म्याग्दीमा पुरानो कम्युनिष्ट नेताको छवि बनाएका वैदेशिक रोजगार व्यवसायी बलभद्र ढकाल र स्वतन्त्र व्यवसायीको छवि बनाएका भीम बहादुर रोका मगर नेपाली कांग्रेसमा प्रवेश गरेका छन् । ढकाल प्रोटेक नेपाल इम्प्लाईमेन्ट प्रा.लि. र रोका याक्का ओभरसीज प्रा.लि.का सञ्चालक हुन् ।

ढकाल र रोकाको परिचय केबल वैदेशिक रोजगार व्यवसायसँग मात्र जोडिएको छैन । रोका होटल र पर्यटन व्यवसायी पनि हुन् । एक प्रतिष्ठित व्यवसायीकारुपमा चर्चित रोकाले म्याग्दीमा समाजसेवीकारुपमा पनि आफ्नो स्थान बनाएका छन् । यद्यपि यसअघि उनी राजनीतिकरुपले स्वतन्त्र थिए ।

दुवै जना व्यवसायीले आइतबार विहान नेपाली कांग्रेसका सभापति शेर बहादुर देउवाको निवास बुढानिलकण्ठमा आयोजित संक्षिप्त कार्यक्रममा पार्टी सदस्यता ग्रहण गरे ।



सो अवसरमा नेपाली कांग्रेसका सभापति देउवाले व्यवसायी ढकाल र रोकासहित राजेन्द्र श्रेष्ठ र करिश्मा खत्रीलाई पार्टीमा स्वागत गरे । श्रेष्ठ राष्ट्रिय ट्रक व्यवसायी महासंघका अध्यक्ष हुन भने खत्री ईन्जिनियर हुन् ।

२०४५ सालदेखि तत्कालीन नेकपा मालेको विद्यार्थी संगठन अनेरास्ववियूको राजनीतिमा लागेका व्यवसायी ढकाल सत्तारुढ नेपाल कम्पुनिष्ट पार्टी (नेकपा) निकट प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालका उपाध्यक्ष र नेपाल वैदेशिक रोजगार व्यवसायी संघका पूर्व कार्यसमिति सदस्य हुन् । संघका पूर्व अध्यक्ष बलबहादुर तामाङको कार्यकालमा ढकाल संघको कार्यसमितिमा मनोनित भएका थिए । ढकाल म्याग्दी जिल्लाको तत्कालीन अर्मन गाविसका पार्टी उपाध्यक्ष, म्याग्दी काठमाडौं सम्पर्क मञ्चका पूर्व अध्यक्षका साथै काठमाडौंमा रहेका म्याग्देलीका करिब एक दर्जन संघसंस्थामा आवद्ध रहेका छन् ।

आफु निस्वार्थरुपमा जनताको सेवा र समाजको परिवर्तनका लागि कम्युनिष्ट पार्टीमा लागेको तर पार्टीभित्र परिवर्तनकारी भन्दा जसरी भएपनि शक्ति हत्याउने 'गेम्ब्लर'हरुको दवदवा बढेपछि नेकपामा रहिरहन मनले नमानेर नेपाली कांग्रेस प्रवेश गरेको ढकालले मध्यान्हलाई बताए ।

उनले भने, 'जनतालाई फलामे अनुसासनको छडी देखाउने तर नेताहरु दुई तिहाई मत पाएर पनि कुनै काम नगर्ने भएपछि त्यस्तो पार्टीमा बसी रहनुको औचित्य देखिनँ । मैले राजनीतिलाई व्यवसाय बनाएको छैन । जहाँ गएपनि जनताको हितमा काम गरिरहने छु ।'

पार्टी प्रवेश कार्यक्रममा नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं पूर्वमन्त्री अर्जुन जोशी, नेपाली कांग्रेसका नेताहरु जित छन्त्याल, नेपाली कांग्रेस काठमाडौं म्याग्दी सम्पर्क समितिका सभापति चित्र केसी, नेपाल विद्यार्थी संघ काठमाडौं म्याग्दी सम्पर्क समितका सभापति दीपेन्द्र रिजाल लगायतको उपस्थिति थियो ।

नेपाली कांग्रेसमा प्रवेश गरेका व्यवसायीहरुलाई बाँकी पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

### मलेसियामा मैथिली भाषामा पनि आवेदन लिइने

**काठमाडौं/मस–** मलेसियास्थित नेपाली दूतावासले स्वदेश फर्किने कामदारहरुले मैथिली भाषामा पनि फारम भर्न पाउने व्यवस्था गरेको छ । मलेसियामा मुलतः हालको प्रदेश नं २ अन्तर्गतका मैथिली भाषी कामदारहरुको बाहुल्यता रहेको मानिन्छ । उनीहरुको हितलाई ध्यानमा राखेर उक्त प्रवन्ध गरिएको दूतावासले बताएको छ । उक्त फारम नेपाली र अंग्रेजी भाषामा पनि रहेको छ । तर तराईबासी युवाहरुले मैथिली भाषाको फारम भर्न सहज मान्ने गरेका छन् । दूतावासले एक महिना अघिदेखि नै तत्काल नेपाल फर्कनुपर्ने कामदारहरुको विवरण संकलन गर्न अनलाइन फारम भराउन शुरु गरेको थियो ।

एक तथ्यांक अनुसार प्रदेश नं २ अन्तर्गतको धनुषा जिल्ला वैदेशिक रोजगारमा धेरै कामदार जाने मुलुककै अग्रस्थानमा छ । २०६८ सालको जनगणना अनुसार ७ लाख ५४ हजार जनसंख्या भएको धनुषाबाट ३ लाख ४९ हजार युवाहरू वैदेशिक रोजगारीमा गएको बताइएको छ । बाँकी पृष्ठ २ मा


# कामदार भित्रिएसँगै जोखिमको चिन्ता

**नवीन लामिछाने/रासस**
मनाङ, २५ साउन

लामो समयपछि बन्दाबन्दी खुकुलो भएर मनाङ भित्रिने कामदार र कर्मचारी बढ्दैछन् । बन्दाबन्दी खुलेसँगै कोभिड-१९ को संक्रमण पुनः फैलँदै गएको छ भने कोभिड संक्रमणबाट ज्यान गुमाउनेको संख्यासमेत बढ्दै गएको छ । कामदार मनाङ भित्रिँदै गर्दा कोरोना भाइरस संक्रमणको जोखिम पनि बढेको भन्दै स्थानीयवासी चिन्तित देखिएका छन् ।

जिल्लामा विभिन्न ठाउँबाट कामका लागि दैनिक ४० देखि ६० जनाका दरले भित्रन थालेका छन् । यहाँ गोरखा, लमजुङ, रुकुम, रोल्पा, रसुवालगायत जिल्लाबाट कामको खोजीमा कामदार भित्रने गरेको सीमा प्रहरीचौकी तालले जनाएको छ । केही स्थानलाई स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले कोरोना भाइरस संक्रमणको जोखिमयुक्त जिल्ला घोषणा गरिसकेको छ तर मनाङमा कामदार तथा कर्मचारी भित्रिँदै गर्दा जोखिम भने बढेको देखिन्छ ।

मनाङमा कुन ठाउँमा कसले काम गराउने हो, सबैको रेकर्ड राखेर कामदारलाई छाड्ने गरिएको र आरडिटी गरेर गन्तव्यमा जान दिने गरिएको चामे गाउँपालिकाका अध्यक्ष लोकेन्द्र घलेले बताए । घलेका अनुसार आफ्नो पालिकाभित्र आउने कामदारलाई सेल्फ क्वारेन्टिनमा राख्ने र कार्य क्षेत्रभन्दा बाहिर हिँडुल गर्नसमेत रोक लगाइएको बताए । अहिले चामे गाउँपालिकाअन्तर्गत जिल्ला अस्पताल र जिल्ला कारागारको



भवन निर्माणको काम भइरहेको र यिनै स्थानमा कामदार आएको घलेले जानकारी दिए । सम्बन्धित ठेकेदारलाई कामदार तथा कर्मचारीको पिसिआरलगायत आवश्यक स्वास्थ्य मापदण्ड अपनाउन अनुरोध गरिएको उनले बताए ।

त्यस्तै हाल जिल्लामा चामे, मनाङ डिस्याङ र नार्पाभूमि गाउँपालिकाका लागि कामदार भित्रिएको बताइएको छ । देशैभर जोखिम बढ्दै गएको अवस्थामा धेरै मात्रामा बाहिरबाट आएका कामदार जिल्लामा निर्बाध रुपमा भित्रँदा सर्वसाधारणमा त्रास छाएको छ । कामको खोजीमा कामदार नासो गाउँपालिका हुँदै जिल्ला भित्रन थालेपछि स्थानीयवासी चिन्तित बनेका छन् । स्थानीयवासीका अनुसार यसपटक यार्सा सङ्कलन नभएकाले मनाङमा आर्थिक सङ्कट छँदैछ, उनीहरुबाट कोरोना सङ्क्रमणको मात्र जोखिम छैन, सुरक्षा थ्रेट पनि उत्तिकै देखिएको छ । काम गर्न आए पनि मनाङका स्थानीय सरकार र प्रशासनको समन्वयमा आरडिटी गरेर मात्र जिल्ला प्रवेशको अनुमति दिएको जनाइएको छ ।

प्रमुख जिल्ला अधिकारी पुष्पराज पौडेलले बन्दाबन्दी खुलेपछि सर्वसाधारणको आवागमन स्वाभाविक रुपमै बढ्ने बताउँदै सुरक्षा सतर्कता पनि अपनाइरहेको बताए । काम गर्न आउने मान्छे कहाँबाट आएका हुन्, कता जाने हुन्, कसको जिम्मामा जाने हुन्, सम्बन्धित ठेकेदारले स्थानीय तहलाई जिम्मा लगाउने गरिएको प्रजिअ पौडेलको भनाइ छ । वर्षेनी गोरखा, धादिङ, रुकुम, नुवाकोट, रसुवालगायत जिल्लाबाट धेरै संख्यामा कामको खोजीमा मनाङ आउने गर्दछन् तर अधिकांश कामदार र कर्मचारीको पिसिआर रिपोर्ट भने नभएको सीमा प्रहरीचौकी तालले जनाएको छ ।

पिसिआर रिपोर्ट नआउँदा आवश्यक कामदार कर्मचारी ल्याउन नसकिएको क्याराभान कन्सल्टेन्सीका फिल्ड मेनेजर सोमनाथ थकालीले बताए । नासो गाउँपालिकामा भने बाहिरी कामदार नआएको तर अन्य स्थानीय तहमा कामदार आउने गरेको गाउँपालिका अध्यक्ष चन्द्र घलेले बताए । 'गत वर्षको योजना सकिएकाले बाहिरबाट कामदार ल्याउनुपर्ने छैन, यहाँका साना योजनाहरु भने स्थानीय कामदार प्रयोग गरी निर्माणको काम भइरहेको छ तर गाउँपालिकाकै बाटो भएर प्रवेश गर्ने कामदारबाट भने जोखिम रहेको छ,' अध्यक्ष घलेले भने, 'यही गाउँपालिकाअन्तर्गत भएर आउने कामदारलाई सिधै गन्तव्यमा जान अनुरोध गर्ने गरिएको छ ।'

सम्बन्धित क्षेत्रको सेल्फ क्वारेन्टिनमा बसी कामदारले काम गर्दै आएको नार्पाभूमि गाउँपालिकाले जनाएको छ । मनाङमा यार्सागुम्बा सङ्कलन गर्नदेखि विकासनिर्माणका काममा समेत गोरखा, लमजुङ, धादिङ, रसुवा र रुकुमकै मान्छे प्रयोग हुने गर्दछन् । मनाङमा हालसम्म एक कर्मचारीलाई कोरोना सङ्क्रमण देखिएकामा उपचारपछि निको भएर घर फर्किसकेका छन् । यसपछि अन्य सङ्क्रमित नभेटिएकाले मनाङ कोरोनामुक्त जिल्लामा सूचीकृत छ ।

# प्युठानमा सशस्त्र प्रहरीको भवन निर्माण

**रामबहादुर विश्वकर्मा/मध्यान्ह**
प्युठान, २५ साउन



सशस्त्र प्रहरी बल प्युठानको आफ्नै भवन निर्माण भएको छ । भवनको एक समारोहकाबीच आइतबार उद्घाटन गरिएको हो ।

सशस्त्र प्रहरी बल प्रदेश नं. ५ विन्ध्यावासिनी बाहिनी मुख्यालयका बाहिनीपति सशस्त्र प्रहरी नायब महानिरीक्षक (डीआईजी) किशोर कुमार प्रधानले प्युठान नगरपालिका वडा नम्बर ३ मा रहेको भवनको उद्घाटन गरेका हुन् ।

उद्घाटन समारोहलाई सम्बोधन गर्दै महानिरीक्षक प्रधानले देश र जनता रहे आफुहरु सुरक्षा निकाय रहने बताउँदै सशस्त्र प्रहरी परिवारलाई हरबखत देश र जनताको पक्षमा रहन निर्देशन दिए ।

कार्यक्रममा भवन निर्माणको प्रतिवेदन पेश गर्दै गुल्मपति डीएसपी चेतराज जोशीले जग्गादाताई धन्यवाद व्यक्त गरेका थिए । २०७५ भदौ ५ गतेको मन्त्रिपरिषद् निर्णय अनुसार प्युठान नगरपालिका ३ मा रहेको बतासेडाँडामा प्युठान नगरपालिका सभाहलका निर्माणका लागि स्थानीयले उपलब्ध गराएको ३ हजार ५ सय ६० वर्गमिटर जग्गा पुनः प्युठान नगरपालिकाले नामसारी गरेसँगै जिल्लाका स्थानीय तह तथा निजि क्षेत्रको झण्डै १५ लाख रुपैयाँ लागतमा ब्यारेकको नयाँ भवन निर्माण गरिएको जोशीले बताए ।

प्रदेश नम्बर ५ सरकारको सहयोगमा ब्यारेकभित्र हेलिप्याड समेत निर्माण गरिएको छ । यसअघि सशस्त्र प्रहरीले प्यूठान नगरपालिका-४ गाँजुरीस्थित अस्थाई ब्यारेकबाट सुरक्षा दिँदै आएको थियो ।

उक्त क्षेत्रफलमा अहिले गुल्मपति निवास १,जवानहरुको ब्यारेक ६ वटा, शौंचालय ३ वटासहित १० वटा भवन, १ कार्यक्रम स्थल, प्रतिक्षालय र गेट निर्माणमा १५ लाख रुपैयाँ खर्च भएको सशस्त्र प्रहरी नायब निरीक्षक बिनोद नेपालीले जानकारी दिए । भवन निर्माणका लागि जिल्लाका स्थानीय तह र व्यवसायीहरुको आर्थिक सहयोग रहेको थियो । प्रमुख जिल्ला अधिकारी कृष्ण पन्थले निर्माण समितिले समयमै मापदण्ड अनुरुपको काम गरेकोप्रति धन्यवाद दिएका थिए ।

उद्घाटन समारोहमा सशस्त्र प्रहरी बल प्युठानले भवन निर्माणमा योगदान पुर्‍याउने व्यक्तिहरुलाई सम्मान समेत गरेको छ । प्युठानमा २०७५ साल कात्तिक १६ गते सशस्त्र प्रहरीको गुल्म स्थापना भएको थियो ।

# सिरहा नगरपालिकामा अख्तियारको छापा

**शुभ नारायण कामती/मध्यान्ह**
सिरहा, २५ साउन ।

सिरहा नगरपालिकामा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोलीले छापा मारेको छ । नगरपालिकाले कोरोना भाइरस (कोभिड-१९) रोकथाम तथा नियन्त्रणमा खर्च गरेको रकममा अनियमितता भएको आंशकामा अख्तियारको बर्दिबास कार्यालयको टोलीले आइतबार छापा मारेको हो ।

नगरपालिकाले कोरोना भाइरस (कोभिड-१९) रोकथाम तथा नियन्त्रणमा खरिद सम्बन्धी कागजातको प्रतिलिपि छानबिनको लागि नियन्त्रणमा लिएको जनाइएको छ । सिरहा नगरपालिकाले जिल्ला स्तरीय कोभिड नियन्त्रणमा ५ करोड ९० लाख ८६ हजार ४ सय ३० रुपैयाँ खर्च गरेको विवरण सार्वजनिक गरेको थियो । उक्त विवरणमा केही सामग्रीको मूल्य बजार भाउ भन्दा अत्याधिक बढी पाइएपछि अख्तियारले चासो देखाएको हो ।

सिरहा नगरपालिकाबाट मास्क ८ लाख ७ हजार ५ सय ७५ थान खरिदमा २० लाख २ हजार ९ सय ९७ रुपैयाँ, थर्मलगन ७ थानमा १५ हजार ७ सय ५३ रुपैयाँ, ग्लोब्स ३७ हजार ७० थानमा ६ लाख ८८ हजार ८ सय, सेनिटाइजर ५ हजार ९ सय ९९ लिटर मा १४ लाख १ हजार ९७ रुपैयाँ, साबुन ७२ कार्टुन मा १ लाख ७२ हजार १ सय ९५ रुपैयाँ, पीपीई २ सय २५ थानमा ९ लाख १८ हजार ४ सय ९१ रुपैयाँ, किटनाशक औषधि छर्ने स्प्रे सानो २० थानमा ५ हजार, रेनकोट १ सय १५ थानमा १ लाख ९३ हजार, रेनवुट ३ सय ३७ थानमा ३ लाख १२ हजार १ सय ५० रुपैयाँ, डस्ना ३ सय ६ थानमा ४ लाख ५५ हजार ८ सय ५० रुपैयाँ, बेड ३ सय ४९ थानमा २ लाख ५९ हजार ४ सय, झुल सुपानेट ६ सय ६० थानमा ३ लाख ३० हजार, तन्ना ५ सय ५८ थानमा ४ लाख ५० हजार ३ सय ७५ रुपैयाँ, तकिया ५ सय ११ थान २ लाख ८ हजार ९ सय ५० रुपैयाँ, तकिया खोल १ सय ११ थान ३१ हजार ९ सय २५, कम्बल ४०६ थानमा ४ लाख २४ हजार ५ सय ७५ रुपैयाँ, स्प्रीटमा २ हजार ६ सय, विद्युतीय सामाग्री खरिदमा ६ लाख ५६ हजार ६ सय २५ रुपैयाँ खर्च गरिएको छ ।

यसैगरी खानेपानी धाराहरुको सामाग्री खरीदमा २ लाख ५८ हजार ६ सय ५१ रुपैयाँ, फलामे खाट २ सय ५० थानमा ११ लाख ९४ हजार ६ सय ८५ रुपैयाँ, किटनाशक औषधि छर्ने स्प्रे ठूलो २५ थानमा १ लाख ४९ हजार ७ सय २५, क्वारेन्टाइन बस्नेको खाना, नास्ता र चियामा ३१ लाख ८३ हजार ५ सय, जोखिम भत्तामा १३ लाख ५४ हजार, लामखुट्टे औषधि खरिद तथा छर्किने कार्य र सरसफाईमा १७ लाख ५० हजार खर्च गरिएको छ ।

त्यसैगरी वडाबाट वडा नं. १ देखि २२ सम्म राहत वितरणमा २ करोड ७७ लाख ७९ हजार ४ सय, वडा नं. १ देखि २२ सम्म मास्क, सेनिटाइजर, साबुन, ग्लोव्स आदी वितरण कार्यमा खर्च १ करोड ४ लाख ८४ हजार ९ सय १६ रुपैयाँ गरी ५ करोड ९० लाख ८६ हजार ४ सय ३० रुपैयाँ खर्च रहेको सिरहा नगरपालिका प्रशासकीय अधिकृत बलिराम यादवले जानकारी दिए । खर्चको विवरण तयार गर्दा त्यसमा प्रिन्ट मिस्टेक भएको सिरहा नगरपालिकाका मेयर अशेश्वर प्रसाद यादवले बताएका छन् । बढी खर्च देखाइएको सन्दर्भमा मेयर यादवले रुपैयाँ र पैसालाई नछुट्टयाएर सिँधै लेखेका कारण रकम बढी देखिएको पनि जानकारी दिए ।

# आइसोलेसन र क्वारेन्टिन थप व्यवस्था गरिने

**काठमाडौं/मस**–कोभिड–१९ क्राइसिस म्यानेजमेन्ट सेन्टर (सीसीएमसी) ले देशभरी आइसोलेसन र क्वारेन्टिन अभाव देखिएकाले स्थानीय तहको समन्वयमा थप व्यवस्था गर्ने निर्णय गरेको छ । आइतबार बसेको सीसीएमसी बैठकले उपत्यका लगायत देशका अधिकांश जिल्लामा संक्रमितको संख्या बढ्दै गएकाले आइसोलेसनको अभाव देखिएको ठहर गर्दै थप व्यवस्था गर्ने निर्णय गरेको हो ।

स्थानीय तह र जिल्ला संकट व्यवस्थापन केन्द्रको समन्वयमा आइसोलेसन र क्वारेन्टिनको थप व्यवस्था गर्ने निर्णय गरेको प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयका सचिव महेन्द्रप्रसाद गुरागाईंले बताए । सरकारले तोकेका स्वास्थ्य प्रोटोकलहरु प्रयोग नगर्दा संक्रमणको जोखिमसँगै मृत्युदर बढेको निष्कर्ष पनि बैठकले निकालेको छ । अत्यावश्यक काम बाहेक बाहिर ननिस्किन र निस्कनै परे स्वास्थ्य सुरक्षाका सम्पूर्ण मापदण्ड पालना गर्न पनि बैठकले आग्रह गरेको छ । संक्रमितको संख्या बढ्दै गएको अवस्थामा सर्वसाधारण, व्यापारी, सुरक्षाकर्मी, स्वास्थ्यकर्मी सबैलाई सुरक्षीत रहन सचिव गुरागाईंले आग्रह गरे । भदौ १ गतेबाट हवाई सेवा सञ्चालन गर्ने निर्णय सरकारले गरेपनि संक्रमणको दर बढ्दै गएको अवस्थामा के गर्ने भन्ने विषयमा भने कुनै निर्णय नभएको उनले बताए ।

# कोरोनासँग मिल्दो लक्षण देखिएका दुईको मृत्यु

**धनुषा/मस**– धनुषामा कोरोनासँग मिल्दोजुल्दो लक्षण देखिएका दुई जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा एक जना अस्पतालका चौकीदार र अर्का नेपाली कांग्रेसका नेता रहेका छन् । धनुषाको मिथिला विहारी नगरपालिका-५ घर भएका ४५ वर्षीय पुरुषको एक्कासि ज्वरो र रुघाखोकीका साथै श्वास फेर्न समस्या भएपछि शनिबार राति उपचारका लागि ल्याउने क्रममा मृत्यु भएको हो । धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद भट्टराई अनुसार उनको शव सोही अस्पतालमा राखिएको र स्वाब संकलन गर्ने काम भइरहेको छ । बिदामा गएका बेला उनी अचानक बिरामी भएका थिए ।त्यसैगरी धनुषाकै शहीद नगरपालिका-८ का ५० वर्षीय नेपाली कांग्रेसका नेताको पनि जनकपुरधामस्थित काव्य अस्पतालमा उपचारका क्रममा मृत्यु भएको छ । श्वासप्रश्वासमा समस्या देखिएपछि उनलाई अस्पतालमा भर्ना गरिएको थियो । उपचारकै क्रममा मृत्यु भएका उनको पनि स्वाब सङ्कलन गर्ने काम भइरहेको प्रजिअ भट्टराईले जानकारी दिए ।

# 'र्‍याली अफ होप' भव्यरुपमा सम्पन्न

**काठमाडौं/मस**– अगस्ट ९ अर्थात साउन २५ गते आइतबार दक्षिण कोरियाबाट संञ्चालन गरिएको र्‍याली अफ होपमा बिश्वका १९४ देशका दशलाखभन्दा बढी सहभागीहरुले प्रत्यक्ष रुपमा सहभागिता जनाएका छन् । सो कार्यक्रमको टेलिभिजन, तथा विभिन्न सामाजिक संजालहरूका माध्यमबाट करिब १ करोड मानिसहरूले अवलोकन गरेका थिए ।

कोभिड-१९ ले विश्वमा अकल्पनीय क्षति पुर्‍याएको, लाखौं मानिसहरूले मृत्युवरण गरिसकेको मात्र नभै कोभिड १९ पछिको आर्थिक, सामाजिक, मनोसामाजिक, र राजनीतिक अवस्थाको सामना गर्न निकै मुस्किल पर्ने सन्दर्भमा द्वन्द्व र लघुताभाषमा फसेको विश्व नेतृत्वलाई उक्त र्‍याली अफ होपले दृश्टिकोण उपलब्ध गराएको मानिएको छ ।

संयुक्त राष्ट्रसंघीय पूर्व महासचिव वान की मुनले पाहुना तथा विश्वभरिका सहभागीहरुलाई स्वागत गरेको कार्यक्रममा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका अध्यात्मिक सल्लाहकार पावला ह्वाइटले स्तुति घोष गरेकी थिइन् भने हाउस अफ कउन्सिलर जापानका पूर्व अध्यक्ष चुइची दाते र अमेरिकी प्रतिनिधि सभाका पूर्व सभामुख न्युट ग्रिनगिचले बधाइ सन्देश दिएका थिए ।

कार्यक्रममा कम्बोडियाका प्रधानमन्त्री सम्देच हुन सेन,



सेनेगलका राष्ट्रपति म्याक्की साल, निजरका प्रधानमन्त्री ब्रिजी राफिनी, क्यानाडाका पूर्व प्रधानमन्त्री स्टेफन हार्फर, अल्बेनियाका पूर्व राष्ट्रपति अल्फ्रेड मोइस्यू र ग्वाटेमालाका पूर्व राष्ट्रपति जिमी मोरालेस सहभागी भएका थिए ।कार्यक्रमको अन्त्यमा युनिभर्सल पीस फेडेरेसनकी सहसंस्थापिका (याली अफ होपकी संयोजनकर्ता तथा मदर अफ पीस डा. हाक जा हान मुनले विशेष मन्तव्य दिएकी थिइन् । मदर मुनले भनिन्, 'हामी अब परिवारमा केन्द्रित सर्वव्यापक नैतिक एवं अध्यात्मिक मूल्यमान्यता तर्फ फर्कनु आवश्यक छ ।' विगत २ बर्ष भित्रमा विश्वका विभिन्न देशहरूमा १४ वटा शिखर सम्मेलन सम्पन्न गरेकी डा. मुनले विश्व एक घर भएको र विश्वका सम्पूर्ण मानिसहरू एक परिवार तथा वसुदैव कुटुम्बकम्को मान्यतातर्फ जानु पर्ने भन्दै यो नै हाम्रो सम्पदा र अगाडिको बाटो दुवै भएको बताइन् ।

युनिभर्सल पीस फेडेरेसनको ब्यानरमा आयोजित सम्मेलन विगत ३ महिनामा भएका शिखर सम्मेलनहरूको श्रृंखला थियो, जहाँ ४० भन्दा बढी राष्टाध्यक्ष तथा प्रथम महिलाहरूले सहभागिता जनाएका थिए भने युवा, महिला, ब्यवसायी , प्रज्ञिक, मिडियालगायत क्षेत्रका नेतृत्वहरूले पनि सहभागिता जनाएका थिए । यस किसिमको विश्वव्यापी सम्मेलन यो बर्षको अन्त्यसम्म प्रत्येक महिना आयोजना गरिने बताइएको छ । प्रत्येक महिना हुने भेला प्राज्ञिक, व्यवसायिक, मिडिया, अन्तधार्मिक तथा सा'सदहरुजस्ता फरक फरक समूहमा केन्द्रित रहने बुझिएको छ ।

## आइसोलेसनमा ....

भएपछि सातै प्रदेशका आन्तरिक मामला तथा कानून मन्त्री 'क्लोज कन्ट्याक्ट'मा परेका छन् ।

अर्कातर्फ आइसोलेसनमा बसेका महासचिव पौडेलले पार्टी विवाद हल गर्न भन्दै शीर्ष नेताहरुसँग लगातार भेटवार्ता गरिरहेका थिए । अर्थात्, संक्रमितसँग 'क्लोज कन्ट्याक्ट'का कारण नेकपाका शीर्ष नेताहरु आइसोलेसनमा परेका छन् भने विभाजनकै नजिक पुगेको नेकपाको गतिविधि समेत शून्य बनेको छ । तर, आइतबार ६१ सांसदहरुले भने कुनै पनि गुटमा नलाग्ने भन्दै पत्रकार सम्मेलनको आयोजना गरेका थिए ।

## दुई ..

संस्थामा स्वागत गरिएको नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनका अध्यक्ष नरेन्द्र ढकालले बताए । एशोसिएसन कार्यसमितिको बैठक बसी ढकाल तथा रोकालाई उपयुक्त सम्मान र जिम्मेवारी दिइने पनि अध्यक्ष ढकालले जानकारी दिए ।

## मलेसियामा...

धनुषापछि धेरै युवाहरु वैदेशिक रोजगारीमा जाने जिल्लामा झापा रहेको छ । झापापछि धेरै युवा वैदेशिक रोजगारीमा गएका जिल्लाहरु प्रदेश नं. दुई अन्तर्गतकै सिरहा, सप्तरी, महोत्तरी र सर्लाही रहेका छन् । यी जिल्लाबाहेक मोरङ, नवलपरासी, सुनसरी र रुपन्देही जिल्लापनि धेरै युवा वैदेशिक रोजगारीमा गएका जिल्ला हुन् । उनीहरुमध्ये अधिकांश मलेसिया गएको बताइएको छ ।

## २४ घण्टामा...

जिल्लामा सङ्खुवासभा, भोजपुर, खोटाङ, धनकुटा, मनाङ, मुस्ताङ र डोल्पा रहेका छन् । नेपालमा कोरोनाबाट बच्न ७२ प्रतिशतले मात्रै मास्क लगाउँछन् । नेपाल स्वास्थ्य अनुसन्धान परिषद्ले गरेको एक अध्ययनअनुसार ६२ प्रतिशतले मात्रै सही तरिकाले मास्क लगाउने गरेको पाइएको छ । काठमाडौंका ३२ सार्वजनिक स्थलमा गरिएको अवलोकनमा अहिले पनि २७ प्रतिशतभन्दा बढीले मास्क राम्रोसँग लगाउँदैनन् ।

परिषद्का सदस्यसचिव प्रा डा प्रदीप ज्ञवालीले काठमाडौंका २३ सार्वजनिकस्थलमा गरिएको अध्ययनमा ७२ प्रतिशतले मात्रै सही तरिकाले मास्क लगाएको पाइएको जानकारी दिए ।

अध्ययनका क्रममा व्यक्तिले मास्क लगाएको, नलगाएको वा कस्तो प्रकारको मास्क लगाएको भनी चार हजार ५०२ जनामा गरिएको अवलोकनमा मास्क लगाउनेको संख्या ७२ दशमलव एक र मास्क नलगाउनेको संख्या २७ दशमलव एक प्रतिशत रहेको देखिएको छ । सार्वजनिकस्थलमा जम्मा दुई हजार ७०३ जनामा गरिएको अवलोकनमा सही तरिकाले मास्क लगाउने ७२ दशमलव ६६ प्रतिशत र मास्कको बेवास्ता गरी लगाउनको संख्या २७ दशमलव ३४ प्रतिशत रहेको पाइएको छ । मास्क लगाउनेमध्ये पनि कपडाको मास्क लगाउने १५ दशमलव आठ प्रतिशत रहेका छन् ।

काठमाडौं उपत्यकाका २३ सार्वजनिक स्थलहरु तरकारी बजार, सपिङ मल, सरकारी र निजी अस्पताल, बैंक, मालपोत कार्यालय, सार्वजनिक यातायात, होटललगायत क्षेत्रमा अध्ययन गरिएको थियो । जनस्वास्थ्य मापदण्ड 'एसएमएस', सामाजिक दूरी, मास्कको उचित प्रयोग, सेनिटाइजर र साबुनको प्रयोगबारे सर्वसाधारणमा सर्वेक्षण गरिएको थियो । परिषद्ले साउन ८ गते छ जनाको विज्ञ समूह गठन गरी तथ्य संकलनका लागि ३९ जना अनुसन्धान टोली खटाइएको थियो ।

# स्वास्थ्य सुरक्षाका मापदण्डलाई अवलम्बन गर्न महासंघको आग्रह

**काठमाडौं/मस**–नेपाल पत्रकार महासंघले कोरोना भाइरसको जोखिम बढीरहेको भन्दै सावधानि अपनाउन पत्रकारहरुलाई आग्रह गरेको छ । महासचिव रमेश विष्टले आइतबार एक विज्ञप्ति जारी गर्दै यस्तो विषम परिस्थितिमा पत्रकारहरु अझ बढी गम्भीर, सचेत र संवेदनशील हुनु जरुरी रहेको बताएका छन् ।

महासंघको विज्ञप्तिमा भनिएको छ, 'विश्वव्यापी रुपमा फैलिरहेको कोरोना भाइरस (कोभिड १९) को संक्रमण नेपालमा दिनप्रतिदिन बढिरहेको छ । यस क्रममा पछिल्लो समय सञ्चार क्षेत्रमा पनि कोरोना भाइसरबाट संक्रमित हुने क्रम बढिरहेको छ । पछिल्लो पटक मोरङ



र सप्तरीका पत्रकार संक्रमित बन्न पुगेका छन् ।' महासंघले संक्रमणको यो संवेदनशील घडीमा अग्रभागमा रहेर नागरिकलाई सुसूचित र सचेत गराउने गहन जिम्मेवारी वहन गरिरहेका पत्रकारहरुले स्वास्थ्य सुरक्षाका मापदण्डहरुलाई गम्भीर रुपमा अवलम्बन नगर्दा जोखिम झन् बढेको ठहर गरेको छ ।

महासंघले यस्तो विषम परिस्थितिमा पत्रकारहरु अझ बढी गम्भीर, सचेत र संवेदनशील हुनु जरुरी रहेको बताएको छ । महासंघले सबै पत्रकारहरुमा थप सचेतना अपनाउन, भौतिक दुरी कायम राखेर कार्य सम्पादन गर्न, स्वास्थ्य सामग्रीको प्रयोग गर्न र भीडभाडमा नजान विशेष आग्रह गर्दै पूर्वसतर्कताका सम्पूर्ण स्वास्थ्य सुरक्षाका उपायहरु अवलम्बन गरी पेशागत कर्ममा जुट्न अपील गरेको छ । साथै, महासंघले पत्रकारहरुको पीसीआर परीक्षण बढाउन सम्बन्धित निकायसँग माग गर्दै संक्रमित सबै पत्रकारहरुको स्वास्थ्यलाभको कामना गरेको छ ।


हार्दिक श्रद्धाञ्जली



जन्म
बि.सं. २०१९
असोज १ गते

स्व. लक्ष्मणमान श्रेष्ठ

स्वर्गारोहण
वि.स. २०७७
साउन १४ गते

हाम्रा शुभेच्छुक तथा एप्पल ओभरसिज प्रा.लि.का सञ्चालक सामसोङ तामाङको ५८ बर्षको उमेरमा असामयिक स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्य तिथिमा दिबंगत आत्माको चीरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद घडीमा शोकाकुल परिवार तथा आफन्तजन प्रति हार्दिक समबेदना प्रकट गर्दछौं ।

सीतादेवी श्रेष्ठ
प्रकाशक

मदनकुमार श्रेष्ठ
सम्पादक

तथा
मध्यान्ह
Madhyanha Daily
दैनिक
परिवार

# राष्ट्रियसभाका चारै समितिका सभापतिले लिए शपथ



काठमाडौं/मस-राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिना समक्ष राष्ट्रियसभा मातहतका चार वटै विषयगत समितिका निर्विरोध निर्वाचित सभापतिले आइतबार पद तथा गोपनीयताको शपथ लिएका छन्। सभापति पदका उम्मेदवारका प्रस्तावक र समर्थकले प्रस्तुत गरेको नामलाई सम्बन्धित समितिको यही साउन २३ गतेको बैठकले सर्वसम्मतिले अनुमोदन गरेका थिए। विधायन व्यवस्थापन समितिमा परशुराम मेघी गुरुङ, प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिमा रामनारायण बिडारी, दिगो विकास तथा सुशासन समितिमा तारादेवी भट्ट र राष्ट्रिय सरोकार तथा समन्वय समितिका सभापतिमा दिलकुमारी रावल सभापतिमा निर्विरोध भएका थिए। सिंहदरबारमा शपथग्रहणपछि पत्रकारसँग कुरा गगर्दै प्रत्यायोजित व्यवस्थापन समितिका सभापति बिडारीले महामारी रोग फैलिरहेको र संसद् बैठक पनि नभएका बेलामा संसदीय समिति नै संसद्को काम गर्ने मुख्य थलो रहेको उल्लेख गर्दै सरकार, संवैधानिक अङ्ग र कानूनानुसार स्थापित संस्थालाई सदनप्रति उत्तरदायी बनाउन समितिले प्रभावकारी भूमिका खेल्नुपर्ने बताए। उनले वर्तमान परिस्थितिमा स्वास्थ्य मापदण्ड अपनाएर मुलुकको कानून देश र जनताको हितका निम्ति मात्रै बन्छन्, राष्ट्रिय महत्वका विषय संरक्षित हुन्छन् र सरकारले बोलेका कुरा लागू गरिन्छ भन्ने कुराको अनुभूति दिलाउने विषय मुख्य चुनौती रहेकाले त्यसतर्फ समिति केन्द्रित हुने बताए।

यस्तै राष्ट्रिय सरोकार समितिका सभापति रावलले राष्ट्रिय गौरवका योजना भनिए पनि २०/२५ वर्षसम्म सम्पन्न नहुने जटिलता कायमै रहेका सन्दर्भमा गुणस्तर युक्त बनाएर समयमै सम्पन्न गर्न सके समृद्धिको योजना साकार पार्न कोसेढुङ्गा सावित हुने भएकाले त्यसतर्फ समितिको ध्यान गएको बताइन्। उनले राष्ट्रिय सुरक्षा, मानवाधिकार र पछाडि पारिएका समुदायको अधिकारको विषयलाई ध्यान दिँदै त्यसतर्फ लाग्ने प्रतिबद्धता व्यक्त गरिन्। तीन तहबीचको अन्तरसम्बन्ध व्यवस्थित गर्न बनेको कानून पारित भएको स्मरण गर्दै सभापति रावलले त्यसलाई कार्यान्वयन गर्न वर्तमानमा देखिएको समन्वय, योजना कार्यान्वयन र कर्मचारी व्यवस्थापनमा देखिएको कमजोरीका विषयमा केन्द्रित गरेर विशेष योजनाका साथ समिति अघि बढ्ने उनले बताइन्। राष्ट्रियसभाका विषयगत समितिका सभापतिको चयन प्रत्येक दुई/दुई वर्षमा हुने व्यवस्था छ। निर्वाचित सभापतिमध्ये नेकपाका दुई र प्रमुख प्रतिपक्ष दल नेपाली कांग्रेसका एक जना छन्। पुनःनिर्वाचित सभापति बिडारी भने राष्ट्रपतिबाट मनोनीत सांसद हुन्।

# जसपाद्वारा आन्तरिक समायोजन निर्देशिका पारित



**काठमाडौं/मस**-जनता समाजवादी पार्टी (जसपा) केन्द्रीय कार्यकारिणी समिति बैठकले पार्टीको आन्तरिक समायोजन निर्देशिका पारित गरेको छ। बुधबारबाट शुरु भइ शनिबार सम्पन्न बैठकले पार्टी एकताको आन्तरिक समायोजन निर्देशिका पारित गरेको हो। समाजवादी पार्टी र राष्ट्रिय जनता पार्टी मिलेर बनेको जनता समाजवादी पार्टीको पहिलो केन्द्रीय कार्यकारिणी समिति बैठकले पार्टीको आन्तरिक समायोजनको निर्देशिका पारित गरेको केन्द्रीय कार्यकारिणी सदस्य केशव झाले बताए। निर्देशिकाले पार्टीको समायोजन कसरी गर्ने, समायोजनका आधार के हुने भन्ने विषयमा टुंगो लगाएको हो।

निर्देशिका जारी भएपछि अब पार्टीका अन्य पदाधिकारी चयनको बाटो खुलेको छ। जसपाले तत्कालित समाजवादी पार्टी र जसपाको क्रियाशिल सदस्यता र निर्वाचनमा प्राप्त गरेको समानुपातिक मतका आधरामा समायोजन टुंगो लगाउने छ।

जसपाको बैठकले पछिल्लो समयमा सरकारले परराष्ट्र नीति सुधार गर्नुपर्ने आवश्यकता औल्याएको छ। भारतसँगको सम्बन्ध विगार्ने गरी सरकारले काम गरिरहेको उल्लेख गर्दै झाले चीन र भारत दुबै देशसँग सरकारले सन्तुलित सम्बन्ध कायम गरेर अगाडी बढ्न बैठकले सुझाव दिएको बताए। बैठकले कोरोना प्रभावित क्षेत्रमा सरकारलाई प्रभावकारी उपस्थिति जनाउन पनि आग्रह गरेको छ। कोरोना भाइरसका कारण नेपालको कृषि क्षेत्र, रोजगारीको क्षेत्र, शिक्षा क्षेत्रमा ठूलो क्षति पुगेको ठहर गर्दै बैठकले त्यसको व्यवस्थापन गर्न सरकारलाई आग्रह गरेको उनले बताए।

# भारतद्वारा नेपाली सेनालाई दशवटा आइसियु भेन्टिलेटर सहयोग



**काठमाडौं/मस**-कोरोना भाइरस(कोभिड-१९) को महामारीविरुद्ध लड्न भारतीय सेनाले नेपाली सेनालाई दशवटा 'आइसियु भेन्टिलेटर' उपहारस्वरुप प्रदान गरेको छ। नेपालका लागि भारतका राजदूत विनयमोहन क्वात्राले ती भेन्टिलेटर प्रधानसेनापति पूर्णचन्द्र थापालाई जंगी अड्डामा आइतबार आयोजित एक कार्यक्रममा हस्तान्तरण गरेका छन्।

मानवीय सहायता तथा राहतका लागि पहिलो सहयोगीका रूपमा लामो समयदेखि भारतीय सेनाले नेपाली सेनालाई सहयोग गर्दै आएको छ। दुई देशका सेनाबीच रहिआएको निरन्तर मानवीय सहयोगअन्तर्गत भेन्टिलेटरहरू उपहारस्वरुप प्रदान गरिएको यहाँस्थित भारतीय राजदूतावासले जनाएको छ। हस्तान्तरणका क्रममा राजदूत क्वात्राले कोभिड-१९ विरुद्धको लडाइँमा विजय प्राप्तिका लागि नेपालका जनतालाई सबै आवश्यक सहयोग पुऱ्याउन भारत प्रतिबद्ध रहेको बताए। प्रधानसेनापति थापाले स्वास्थ्य उपकरण प्रदान गरेकामा भारतीय सेनाप्रति आभार व्यक्त गरे।

# प्रहरी हेडक्वार्टरका एक सय जनामा कोरोना संक्रमण



**काठमाडौं/मस**-प्रहरी प्रधान कार्यालय (हेडक्वार्टर) नक्सालमा कार्यरतमध्ये अहिलेसम्म एक सय प्रहरीलाई कोरोना संक्रमण पुष्टि भएको छ। शनिबारसम्ममा ९० जनामा संक्रमण पुष्टि भएकोमा आइतबार थप १० जनालाई संक्रमण पुष्टि भएको हो।

प्रहरी प्रवक्ता, प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) कुबेर कडायतका अनुसार संक्रमितको सम्पर्कमा रहेकाहरुको कन्ट्याक ट्रेसिङ भइरहेको छ। संक्रमित प्रहरीको विभिन्न आइसोलेशनमा उपचार भइरहेको छ। यस्तै नेपालभर अहिलेसम्म दुई सय दुई जना प्रहरीलाई कोरोना संक्रमण पुष्टि भएको छ भने एक सय ४९ जना उपचारपछि निको भएका छन्।

यसैबीच महानगरीय प्रहरी कार्यालय रानीपोखरीमा कार्यरत एक जना प्रहरीमा कोरोना भाइरसको संक्रमण पुष्टि भएको छ। महानगरीय प्रहरी कार्यालय रानीपोखरीका अनुसार संक्रमित प्रहरीलाई सुरक्षित ठाउँमा राखिएको छ।


# सिरहामा अवैध लागूऔषधसहित ६ जना पक्राउ



सिरहा/मस-सिरहाको गोलबजारबाट अवैध लागूऔषध (ब्राउन सुगर) सहित ६ जना पक्राउ परेको छन्। ईलाका प्रहरी कार्यालय गोलबजारबाट खटिएको प्रहरी टोलीले विशेष सूचनाको आधारमा गोलबजार नगरपालिका वडा नं. ६ दोहटिया बस्ने २८ वर्षीय पाण्डव गुप्ताले आफ्नै घरको कोठामा बिक्री वितरणको लागि लुकाई छिपाई राखिएको अवस्थामा अवैध लागूऔषध ब्राउन सुगर जस्तो देखिने सेतो प्लाष्टिकको स-साना पोका ५ थान, कालो प्लाष्टिको पोकामा एक थानसहित तौल गर्दा १ ग्राम ४०० मिलीग्राम, प्लास्टिकबाहेक तौल गर्दा १ ग्राम २०० मिलीग्राम सहित पक्राउ गरिएको प्रहरीले जनाएको छ।

साथै पाण्डव गुप्तासँगै अवैध लागूऔषध ओसार पसार गर्ने अन्य थप पाँच जनालाई प्रहरीले पक्राउ गरेको हो। पक्राउ पर्नेहरुमा गोलबजार नगरपालिका-६ बस्ने २८ वर्षीय पाण्डव गुप्ता, २२ वर्षीय सुरज परियार, २० वर्षीय रोशन लामा, गोलबजार न.पा. ४ बस्ने २० वर्षीय सैफली खान, गोलबजार न.पा. ५ बस्ने १९ वर्षीय विवेक श्रेष्ठ र गोलबजार न.पा. ६ बस्ने १९ वर्षीय शिरिल महरा रहेको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ। पक्राउ परेकाहरुलाई ईलाका प्रहरी कार्यालय गोलबजारमा राखी थप अनुसन्धान कार्य भइरहेको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ।

# सरकार र 'इनफ इज इनफ' अभियानबीच सहमति



**काठमाडौं/मस**-'इनफ इज इनफ' अभियानका अभियन्ता इशान अधिकारी 'ई' ले २३ औं दिनमा आइतबार अनसन तोडेका छन्। सरकारसँग कोरोना संक्रमण नियन्त्रणका विषयमा सहमति भएपछि अधिकारीले आज ह्याम्स अस्पतालमा अनसन तोडेका हुन्। उनलाई उनलाई स्वास्थ्य मन्त्रालयका सहप्रवक्ता समीर अधिकारीले पानी पिलाएर अनसन तोडाएका हुन्। अनसन तोड्दै अभियन्ता अधिकारीले सरकार कोरोना भाइरस संक्रमणको नियन्त्रणका लागि जिम्मेबार ढंगले अघि बढ्ने विश्वास ब्यक्त गरे।

स्वास्थ्यकर्मीलाई पीपीई लगायत स्वास्थ्य सामाग्रीको अभाव हुन नदिने,अहिलेसम्म भएको खर्च सार्वजनिक गर्ने, कोरोना संक्रमणको दायरा बढाउने लगायतका विषयमा सरकार र अभियन्ताबीच सहमति भएको हो। कोरोना नियन्त्रणमा सरकारका कामकारवाही प्रभावकारी नभएको भन्दै 'इनफ इज इनफ' अभियन्ताहरुले केही समयदेखि आन्दोलन गर्दै आएका छन्। यसअघि आरडीटी परीक्षण रोक्ने र क्वारेन्टिन ब्यवस्थित गर्ने लगायतका विषयमा भएको सहमति कार्यान्वयन नभएपछि अधिकारी दोस्रोपटक साउन ३ गतेवाट अनसन बसेका थिए।

# गोंगबुमा सुटकेसभित्र शव



**काठमाडौं/मस**-काठमाडौंको गोंगबुस्थित गणेशस्थानमा आइतबार बिहान हत्यापछि सुटकेशमा हालेर फालेको अवस्थामा शव फेला परेको छ। मृतक अन्दाजी ४० देखि ४५ वर्ष उमेर समूहका पुरुष रहेका छन्। रगतले लतपतिएको अवस्थामा रहेको सुटकेश खोलेर हेर्दा टाउको नभएको अवस्थामा शव भेटिएको प्रहरीले जनाएको छ।

सुटकेशको दुई सय मिटर पर टाउको फेला परेको छ। सडक किनारामा राखिएको सुटकेशबाट रगत बगेको देखेपछि स्थानीयले प्रहरीलाई खबर गरेका थिए।

घटनास्थलमा तालिम प्राप्त कुकुरको प्रयोग गरिएको थियो। शव पोस्टमार्टमका लागि त्रिवि शिक्षण अस्पताल महाराजगन्जमा पठाइएको छ। प्रारम्भिक अनुसन्धानमा विभत्स तरिकाले हत्या भएको देखिएको काठमाडौं प्रहरी परिसरले जनाएको छ। घटनाबारे थप अनुसन्धान भैरहेको पनि प्रहरीले जनाएको छ।

# रुकुममा खोलाले बगाउँदा बालिकाको मृत्यु



**अर्जुन बिष्ट/मध्यान्ह**
रुकुम पश्चिम, २५ साउन

रुकुम पश्चिमको आठबिसकोट नगरपालिका -१२ मा काला खोलाले बगाएर आइतबार एक बालिकाको मृत्यु भएको छ। सानी बार्खु निवासी खड्क बहादुर पुनकी १३ वर्षिया छोरी कृष्णा कुमारी पुनको उक्त खोलाले बगाएर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय रुकुम पश्चिमका प्रहरी प्रमुख प्रहरी नायव उपरीक्षक ठग बहादुर केसीले जानकारी दिए।

भाइ बहिनीसँगै घट्ट पिस्न खोलामा गएकी उनको खोला तर्नेक्रममा खोलाले बगाएर मृत्यु भएको डिएसपी केसीले मध्यान्हलाई बताए। प्रहरीका अनुसार आइतबार बिहान १० बजेतिर खोलामा बगेकी पुन दिउँसो करिव १२ बजेतिर कालाखोलाको ढुंगेखानीस्थित खोलाको पाखामा अड्किएको अवस्थामा मृत फेला परेकी हुन्।

घटना घट्नासाथ स्थानीयले प्रहरीलाई खबर गरेपछि इलाका प्रहरी कार्यालय आठबिसकोट रुकुम पश्चिमबाट खटिएको प्रहरी टोलीले करिब पाँच सय मिटर तल बगेको अवस्थामा शव फेला पारेको हो। घटनाको बिस्तृत जाँचबुझ पछि मृतक पुनको शव पोस्टमार्टमको लागी जिल्ला अस्पताल सल्ले पठाइएको प्रहरीले जनाएको छ।

# चक्रपथ विस्तार गर्दा स्वयम्भूको बुद्ध पार्क व्यवस्थापनमा सहमति

**काठमाडौं/मस**- चक्रपथ विस्तारका लागि स्वयम्भू पश्चिमतर्फ बुद्ध पार्क क्षेत्रमा भएका भौतिक संरचना हटाएर आयोजनालाई ठाउँ लिने विषयमा आइतबार सहमति जुटेको छ। काठमाडौं कामपाका प्रमुख विद्यासुन्दर शाक्य र प्रवक्ता ईश्वरमान डंगोलसहित तिलिचो खाङ्सार सेवा समितिबीच सम्पन्न छलफलमा चक्रपथ विस्तारका लागि आवश्यक पर्ने ठाउँ छोड्ने सहमति भएको हो। बुद्धपार्क (स्वयम्भू पश्चिम) का ठूला बुद्ध मूर्तिबाट अघिल्तिरको जमिनमा चक्रपथ निर्माण हुनेछ। सडकलाई जग्गा दिएर बाँकी जमिन बचाउन महानगरले रिटेनिङ वाल लगाउने काम तत्काल थाल्ने गरी सहमति भएको छ। सडक विस्तारका क्रममा भत्काउनु पर्ने भौतिक संरचना स्थानान्तरण हुनेछन्।

सहमतिअनुसार छोडिएको जग्गामा अहिले भएका भौतिक संरचना पुनःस्थापना गर्ने कामलाई दोस्रो चरणमा गरिनेछ। चक्रपथ विस्तार आयोजनाले केन्द्रबाट ३१ मिटर क्षेत्र छोड्नका लागि आग्रह गरेकोले सडक फराकिलो बनाउने काममा सहयोग गर्न यसप्रकारको सहमति गरिएको प्रमुख शाक्यको भनाइ छ। सांस्कृतिक पहिचानलाई व्यवस्थापन गर्दै समयानुकूल पूर्वाधार निर्माण कार्य अघि बढाउन स्थानीय सरोकारवालासँग बैठक बसेर सहमति जुटाइएको प्रमुख शाक्यले बताए।

उनले भने, 'आफ्नो जिम्मामा भएका कामलाई तत्काल गर्ने र अन्य निकायको जिम्मामा भएका काममा समन्वय गरेर काठमाडौंको समृद्धि बढाउँदै गएका छौं।

हार्दिक श्रद्धाञ्जली



जन्म
बि.सं. २०१९
असोज १ गते

स्वर्गारोहण
वि.स. २०७७
साउन १४ गते

स्व. सामसोङ तामाङ

यस संघको सदस्य संस्था एप्पल ओभरसिज प्रा.लि.का सञ्चालक सामसोङ तामाङको ५८ बर्षाको उमेरमा असामयिक स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्य तिथिमा दिबंगत आत्माको चीरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दुःखद घडीमा शोकाकुल परिवार तथा आफन्तजन प्रति हार्दिक समबेदना प्रकट गर्दछौं।

बिष्णु प्रसाद गैरे
अध्यक्ष
तथा
नेपाल वैदेशिक रोजगार व्यवसायी संघ
परिवार
बत्तीसपुतली, गौशाला, काठमाडौं, फोन नं. ०१- ४४९०९६९/४४९४४१८

## सम्पादकीय

# कुटनैतिक संवेदनशीलता

कोभिड महामारीले विश्वलाई नै थिलथिलो बनाएको छ । नेपालको उत्तरी छिमेक चीनबाट गएको डिसेम्बरमा शुरू भएको महामारीले झण्डै दुई करोड संक्रमित भइसकेका छन् । आइतबार साँझसम्म एक करोड ९८ लाख संक्रमित बनेका छन् भने सात लाख ३० हजार बढीको मृत्यु भइसकेको छ ।

संक्रमण रोकथाममा चीन धेरै हदसम्म सफल देखिएको छ । तर, दक्षिण छिमेक भारतमा संक्रमणको दर उच्च छ । विश्वमा बढी संक्रमित देखिनेमा भारत तेस्रो स्थानमा छ । अमेरिका (५१ लाख) र ब्राजिल (३० लाख) पछाडि भारतमा २१ लखमा संक्रमण देखिएको छ । नेपालमा पनि संक्रमण दर बढेको छ । १२० दिन पछाडि गएको साउन ७ गते लकडाउन खुलेपछि भने संक्रमण झनै बढेर गएको छ । आइतबारसम्म संक्रमित संख्या २३ हजार हाराहारी पुगेको छ भने मृत्यु हुनेको संख्या ७५ जना पुगेको छ ।

तर, महामारीबाट विश्व नै आक्रान्त भइरहेका बेला शक्ति राष्ट्रहरूबीचको टकराब रोकिएको छैन । विशेषगरी चीन र अमेरिका बीचको ब्यापारिक युद्ध झनै चर्किएर गएको छ । यसको प्रमुख कारण भने समकालीन राजनीतिमा शक्तिशाली नेताहरू शासन सत्तामा हुनु पनि देखिन्छ । चीनका राष्ट्रपति सी जिनफिङ चिनियाँ कम्युनिष्ट पार्टी (सिपीसी) कै शक्तिशाली नेता बनेका छन् । रूसमा भ्लादिमिर पुटिन र अमेरिका डोनल्ड ट्रम्प शक्तिशाली देखिएका छन् । दक्षिणी छिमेक भारतमा दोस्रो कार्यकालका लागि नरेन्द्र मोदी अझ शक्तिशाली भएर निस्किएका छन् ।

नेपालमा पनि दुई तिहाइ नजिक जनमत प्राप्त नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को सरकार चलिरहेको छ । पार्टी अध्यक्ष केपी शर्मा ओलीले आफूलाई संसारका कुनै पनि मुलुकका भन्दा कम शक्तिशाली प्रधानमन्त्री नठानेका होलान् । यी र यस्ता समीकरणका कारण कुटनैतिक सम्बन्ध भने बिग्रिएर गइरहेको देखिन्छ । विश्व मञ्च र क्षेत्रीय मञ्चहरूमा समेत दरार पैदा भइरहेको छ । यस्तैमा नेपाल र भारत बीचको सम्बन्धमा दीर्घकालीन असर पार्ने गतिविधि पनि भइरहेका छन् ।

गएको नोभेम्बरमा भारतले राजनीतिक नक्सा जारी गर्दै नेपालको भूमि अतिक्रमण गरेको थियो । फेरि त्यही अतिक्रमित नक्सा भएर सडक उद्घाटन भयो । यसपछि नेपाल सरकारले पनि लिम्पियाधुरासम्मको भूमि समेटेर नक्सा जारी गरेको छ । अहिले फेरि गौतम बुद्ध भारतका हुन् भन्ने र रामको जन्मभूमि नेपालको ठोरीमा हुन् भन्ने दावीले दुई पक्षीय सम्बन्धमा खलल पार्ने संभावना बढेको छ । एकातर्फ विश्व महामारीका कारण थिलथिलो हुने, तर अर्कातिर कुनै पात्र विशेषका कारण कुटनैतिक सम्बन्धमा दीर्घकालीन असर पार्ने गतिविधि हुनु उचित होइन ।

## सामाजिक सञ्जाल



मानिस जब हरेस खान्छ, आफ्नो बचाउमा अरू उपाय देख्दैन, तब धर्मको कर्ममा लाग्छ । धर्मका नाममा मानिसहरूका मनमा रहेको अन्धविश्वासको मनिविज्ञानको शोषण गर्न सजिलो पनि हुन्छ ।

– डा विजय पौडेल




विकाशको नाममा चलाइएको भौतिक र मानसिक बुल्डोजरले समाजका आफ्ना पन, आफ्ना पारा र आफ्ना कुरा सबै नाँसिए नाँसिदैछन् । तर, मौलिकताको जरोकिलोबिनाको विकासले खहरेजस्तो बिध्वङ्स शिबाय केही ल्याउँदैन । आदीवासीपनको मूललाई नमासी विकाशलाई अघि बढाउने बुद्धि जति छिटो आयो उति राम्रो..

– राम्रो म



नेपालमा ७२ प्रतिशत संक्रमित निको भएका छन् । यो विश्व औसत भन्दा बढी हो । तर जोखिम पनि बढ्दै छ । स्वास्थ पूर्वाधार अपर्याप्त हुन सक्ने आकलन छ । पूर्वाधार थपौ । पर्याप्त सजगता का साथ व्यवसाय गरौ । स्वास्थ्य र अर्थतन्त्र दुवै जोगाऔ ।

– शेखर गोल्छा



योजनामा काम गर्न पर्छ, त्यसैले त्यो कठिन छ तर आस्थामा दुई चार वटा भाषण गर्दै पुग्छ, आस्था अदृश्य छ नतिजा चाहिँदैन त्यसैले हाम्रा कम्युनिष्टहरमा मन्दिरहरूमा विषेश आकर्षण छ ।

– सम थापा

### लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेल: article .madhyanhadaily@gmail .com

# सर्वसाधारणको रुची साना सवारी साधनमा



■ गोविन्द चापागाईं

पछिल्लो समय विश्वव्यापी रूपमा फैलिएको कोराना भाइरसका कारण विश्वको अर्थतन्त्रले गति लिन नसकिरहेको अवस्थामा यसले विकसित मुलुकमा मात्र होइन, समग्र आर्थिक क्षेत्रमा नकारात्मक प्रभाव पारेको देखिन्छ। यसको प्रत्यक्ष प्रभाव हाम्रो मुलुकमा समेत परेको छ। विगत चार महिनादेखिको लामो बन्दाबन्दीले गर्दा मानिसहरूलाई रोगले भन्दा पनि भोकले मरिने पो हो कि भन्ने मानसिकताले गर्दा हाम्रो देशमा पनि केही दिनदेखि सरकारले लकडाउन हटाएको जानकारी दियो । तर, लकडाउन हटे पनि कोरोनाको उच्च जोखिम भने धेरै रहेको मन्त्रालयका अधिकारीहरू नै बताउँछन् ।

मानिसको जनजीवन सामान्य बनाउनका लागि सरकारले खोलेको लकडाउनले सार्वजनिक यातायातमा मानिसहरू झन् संक्रमित हुने पो हुन् कि भन्ने मनसायले गर्दा धेरैभन्दा धेरै मानिसको रुचि अहिले साना सवारी साधनमा देखिएको पाइन्छ। त्यसमाथि पनि अहिले विभिन्न ब्रान्डका सवारी साधनका कम्पनीहरूले कोभिड-१९ ले थला परेको अर्थतन्त्र माथि उकास्न तथा सर्वसाधारणको जीवनस्तरलाई लक्षित गरी विभिन्न स्किममा सवारी साधन खरिद गर्न सकिने समेत बताएका छन् । विभिन्न ब्रान्डका मोटरसाइकल तथा गाडीहरूमा आकर्षक छुटको व्यवस्था गरेका छन् भने सरल किस्ताबन्दीमा फाइनान्सियल व्यवस्थासमेत भएकाले पैसा नहुनेहरूले पनि शून्य प्रतिशत डाउन पेमेन्टमा कम्पनीहरूले सर्वसाधारणका लागि तोकेको मापदण्डअनुसार डकुमेन्ट मिलाएर २४ महिने, ३६ महिने सरल किस्ताबन्दीमा साना सवारी साधन लाने गर्छन् । त्यसैले होला, हिजोआज सर्वसाधारणको चाहना साना सवारी साधन भएको देखिन्छ ।

> मानिसको जनजीवन सामान्य बनाउनका लागि सरकारले खोलेको लकडाउनले सार्वजनिक यातायातमा मानिसहरू झन् संक्रमित हुने पो हुन् कि भन्ने मनसायले गर्दा धेरैभन्दा धेरै मानिसको रूचि अहिले साना सवारी साधनमा देखिएको पाइन्छ ।

उदाहरणका लागि, विभिन्न सवारी साधनको ब्रान्डका कम्पनी जस्तै– यामाहा, बजाज, होन्डा, सुजुकी, हिरो, टीभीएसलगायतले केही दिनदेखि आफूले दिने स्किमका विज्ञापन विभिन्न पत्रपत्रिका तथा अनलाइनहरूमा दिइरहेका देखिन्थे भने सर्वसाधारणको घुइँचो पनि मोटरसाइकल शोरुमहरूमा त्यत्तिकै मात्रामा देखिन्थ्यो । राजधानीको ज्ञानेश्वरमा रहेको होन्डा मोटरसाइकलको शोरुममा पनि सर्वसाधारणको भीड लाग्थ्यो । त्यस ठाउँमा कम्पनीले कोभिड–१९ को जोखिमलाई न्यूनीकरण गर्दै सामाजिक दूरी कायम गरेर सेनिटाइजर र साबुन-पानीले हात धुने व्यवस्था गरी सर्वसाधारणसँग डिल गरिरहेका देखिन्थे । त्यस शोरुममा शून्य प्रतिशत डाउन पेमेन्ट र सरल फाइनान्सियल व्यवस्थादेखि रुचिअनुसारको रकम पेमेन्टमा समेत सर्वसाधारणलाई डिल गरिरहेका देखिन्थे । त्यस्तैगरी कान्तिपथको हिरोमा पनि सर्वसाधारणहरू निकै थिए भने बजाज, सुजुकी, यामाहा तथा टीभीएस कम्पनीका मोटरसाइकलहरूमा सर्वसाधारणको बाक्लो उपस्थिति रहेको थियो । रुचि पनि उत्तिकै मात्रामा देखिन्थ्यो ।

हो, अहिलेको विषम परिस्थितिमा लकडाउन खुकुलो भए पनि कोराना भाइरसको जोखिम उत्तिकै रहेकाले धेरैभन्दा धेरै मानिसको रुचि साना सवारी साधनमा रहेको छ । कार्यालय आउजाउ गर्न सार्वजनिक यातायातमा कोराना भाइरसको धेरै जोखिम हुने हुँदा प्रायः मानिसहरू साना सवारी साधनतर्फ आकर्षित भएको विज्ञहरू बताउँछन् । आफ्नो सवारी भएपछि ढुक्कसँग जहाँ गए पनि भयो । समयमै गन्तव्यमा पुग्न सकिने र कार्यालय आउजाउमा पनि सहजीकरण हुने भएकाले सर्वसाधारणले बढी साना सवारी साधनमा रुचि राखेको व्यवसायीहरू बताउँछन् ।

मानिसको आयस्रोतका आधारमा शोरुमबाट मात्र नभई सेकेन्ड ह्यान्ड रिकन्डिसन शोरुममा गएर भए पनि आफ्नो गच्छेअनुसारको सवारी साधन लिने गरेका छन् । किनकि त्यस्ता शोरुममा पनि मानिसहरूले आफ्नो केही थोरै रकममा पनि धेरै प्रकारका सवारी साधन सस्तो रूपमा रिकन्डिसन हाउसबाट खरिद गर्ने गर्छन् । यस्ता रिकन्डिसन हाउस राजधानीलगायत मुलुकका धेरै ठाउँमा छरिएर रहेका छन्, जहाँ आममानिसलाई लक्षित गरी आयस्रोतका आधारमा भनेअनुसारको सर्वसाधारणको रुचिअनुसार सस्तोमा सवारी साधन सेकेन्डह्यान्डका रूपमा खरिदबिक्री गर्ने गरेका छन् । यसमा पनि सर्वसाधारणको धेरै रुचि भएको देखिन्छ भने सोहीअनुसार नै मानिसहरूले आफ्नो दैनिक जीवनमा आइपर्ने आर्थिक मागहरू धान्ने गर्छन् ।

# मानसिक स्वास्थ्यका लागि आवश्यक बजेट



कुसुम केसी

प्रायः हेर्दा रसिलो, हृष्टपुष्ट देखिने जो-कोही व्यक्तिहरू पनि स्वस्थ र फुर्तिला हुन्छन् भनेर अनुमान गर्न सकिन्छ । तर, मानसिक रूपमा पनि त्यत्तिकै सक्रिय छन् त ? भनेर अनुमान गर्न भने निकै कठिन छ । हिजोआज मानसिक रूपमा स्वस्थ नभएका मानिसहरूको जमात पनि निकै बढ्दो क्रममा रहेको छ । विश्व स्वास्थ्य संगठनलगायत विभिन्न अन्य सर्वेक्षणअनुसार हेर्ने हो भने विश्वव्यापी रूपमा मानसिक समस्या पुरुषहरूले भन्दा महिलाहरूले बढी झेल्नुपरेको छ । विश्वभर १०.७ प्रतिशत मानिसले मानसिक समस्याहरू भोगिरहेका अर्थात् हरेक १० जना मानिसमध्ये १ जनामा मानसिक समस्या भएको पाइएको छ ।

नेपालको सन्दर्भमा भने १०-२० प्रतिशत बालबालिका र किशोरकिशोरीमा पनि मानसिक समस्या देखिने गरेको छ । यसैसँग सम्बन्धित बालबालिकाहरूमा देखिने समस्याहरू जस्तै– सिकाइजन्य समस्या, अनुशासनजन्य समस्या, डर तथा चिन्ताजन्य समस्या, विकृति-तनाव, छारेरोग, निराशा, स्कुलजान नमान्ने समस्या, अत्यधिक चन्चलेपनाको समस्या, आचारणजन्य समस्या, बौद्धिक अपाङ्गता, ओछ्यानमा पिसाब फेर्ने समस्या, अतिजम, खिसीट्युरी आदि पर्छन् ।

यीमध्ये धेरैजसो समस्या युवा वर्गमा पनि देखिन्छन् । साथसाथै नेपालमा ४० प्रतिशत युवाको जनसंख्या रहेको हुँदा युवाहरूमा पनि धेरै नै मानसिक समस्या जस्तै– दिक्दारीपन तथा तनावको प्रभाव निकै परेको अनुमान गर्न सकिन्छ । नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार हाल करिब १५-२० प्रतिशत मानिसमा मानसिक समस्या भएको पाइएको छ । एकातर्फ बुढचौली लागेसँगै मानिसको होस गुमेका र अर्कातर्फ मानसिक सन्तुलन गुमाएर भनौं वा आत्मविश्वासको कमीले गर्दा आत्महत्याको प्रयास गर्ने मानिसहरूको तथ्यांक पनि उत्तिकै बढदो रहेको छ ।

कोरोना भाइरस संक्रमणको जोखिम नियन्त्रणका लागि भएको करिब पाँच महिना लकडाउनको अवधिमा नेपालमा करिब २ हजारले आत्महत्या गरेको पाइएको छ । यो अवधिमा बालबालिका तथा महिलामाथि हुने घरेलु हिंसा, दुर्व्यवहार, बलात्कार पनि निकै मात्रामा बढेको पाइएको छ । यिनै तथ्यांकहरूलाई आधार बनाएर हेर्दा यस आर्थिक वर्ष २०७७/०७८ का लागि पनि नेपालको कुल बजेट १४ खर्ब ७० अर्ब रुपैयाँ रहेको छ भने स्वास्थ्य क्षेत्रको बजेट अघिल्लो आर्थिक वर्षको भन्दा अधिकतम विनियोजन भएको छ । यस वर्ष स्वास्थ्य क्षेत्रमा ९० अर्ब ६९ करोड रुपैयाँ छुट्ट्याइएको छ, जसमा स्वास्थ्य क्षेत्रका विभिन्न कार्यक्रमहरू जस्तै– स्वास्थ्य बिमा, औषधि उपचार, तालिम, कोरोना महामारीलगायत विभिन्न अन्य रोग परीक्षण र नियन्त्रणमा बजेट छुट्ट्याइएको छ । उक्त बजेट संघीय, प्रादेशिक र स्थानीय तहमा कार्यान्वयनका निमित्त पनि पठाइएको छ ।

कोरोना महामारी नियन्त्रण र क्वारेन्टाइन व्यवस्थापनमा स्थानीय सरकारको पहलमा र अन्य विभिन्न दातृ निकायको सहयोगमा यस वर्ष निकै बजेट खर्च भएको र अझै खर्चिन आवश्यक रहेको पनि छ । सँगसँगै यो वर्ष कोरोना माहामारीले मानसिक स्वास्थ्यमा ल्याएको खलबलका कारण पनि विभिन्न स्थानीय निकायमा मानसिक स्वास्थ्यलगायत मनोसामाजिक परामर्श शीर्षकमा चित्त बुझ्ने बजेट विनियोजन भएका छन् । त्यसैगरी मानसिक स्वास्थ्य, आँखा शिविर सञ्चालन, सिकल्सेल रोगी, लागूऔषध दुर्व्यसनीमा परेका, महिला स्वास्थ्यसेविका र तथा अन्य दीर्घरोगीहरूको सवाललाई सम्बोधन गर्नका निमित जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्न पनि उक्त शीर्षकहरूमा भने केही हदसम्म भए पनि यस आर्थिक वर्षका लागि बजेट निकास हुनु राम्रो पक्षका रूपमा रहेको मान्न सकिन्छ ।

बालबालिकाहरूको स्वास्थ्य र शिक्षालाई मध्यनजर गर्दै लकडाउन खुलेपश्चात् मनोसामाजिक परामर्शसहित बालबालिकाहरूलाई पठनपाठनमा सहज वातावरण मिलाउन संघीय तहबाट नै प्रशंसनीय पहल भएका छन् । हालसालै प्रतिनिधिसभाको महिला तथा सामाजिक समितिले पनि मानसिक स्वास्थ्यलाई विद्यालयको पाठ्यक्रममा राख्न सरकारलाई निर्देशन दिएको छ।

कोरोनाको कहर र अधिकांश सामुदायिक विद्यालयलाई क्वारेन्टाइन क्षेत्र बनाइएको, जोखिममा परेका बालबालिकाहरू, आफन्तहरूबाटै दुर्व्यवहार भएका वा कुनै न कुनै तरिकाले बालबालिकाहरूको मस्तिष्कमा परेको लकडाउनको प्रभावले विद्यालय खुलेको केही दिन विद्यालय जान नचाहने हुन सक्छ । यस्तो समस्याको न्यूनीकरण गर्ने उद्देश्यले केही गाउँपालिकाहरू र विद्यालय व्यवस्थापन समितिको पहल र नेतृत्वमा विद्यार्थी, अभिभावक तथा शिक्षकलाई मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउन सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशानालय, शिक्षा विकास तथा समन्वय एकाइहरूलगायत शिक्षा समूहका सदस्यहरू र संरक्षण समूहहरूसँग आवश्यक स्रोत जुटाउन निरन्तर समन्वय गरिरहेका पनि छन् ।

> कोरोनाको कहर र अधिकांश सामुदायिक विद्यालयलाई क्वारेन्टाइन क्षेत्र बनाइएको, जोखिममा परेका बालबालिकाहरू, आफन्तहरूबाटै दुर्व्यवहार भएका वा कुनै न कुनै तरिकाले बालबालिकाहरूको मस्तिष्कमा परेको लकडाउनको प्रभावले विद्यालय खुलेको केही दिन विद्यालय जान नचाहने हुन सक्छ ।

विगत केही वर्षदेखि हेर्ने हो भने प्रायः विद्यालयहरूमा भने केही विद्यार्थीमा मानसिक समस्या भएको पाइएको छ । आधुनिक प्रविधिको प्रयोगसँगै मोबाइल, इन्टरनेटको प्रयोग, अपरिपक्व प्रेमसम्बन्ध, लोभलालच, दुर्व्यवहार, बलात्कारजस्ता घटनाबाट डराएर, यौनजन्य वा अन्य शोषण आदिका कारणबाट बालबालिकाहरूमा मानसिक तनाव बढ्दै गएको पाइएको छ । बालबालिकाहरूको आत्महत्याबाट भएका मृत्युदरले सम्पूर्ण जनमानिसलाई मानसिक स्वास्थ्यमा सोच्न बाध्य तुल्याएको छ ।

मानसिक समस्या अन्य घाउ, चोटपटकजस्तै झ्वाट्टै नदेखिए पनि यसले मानसिक स्वास्थ्यमा खलबलल्याई मानिसहरूलाई मानसिक, शारीरिक, सामाजिक र अन्य क्षेत्रमा कमजोर गराउँछ, जसका कारण मानिसहरू आफ्नो स्मरणशक्ति हराउने, होस गुमाउने, आत्मविश्वास हराउने, तनावमा भएको देखिने, बानी-व्यवहारमा परिवर्तन, एकोहोरो हुने, डर-त्रास हुने वा अन्य मृत्युका उपायहरू रोज्ने काममा अग्रसर हुन्छन् । समयम मानसिक समस्याको पहिचान गर्न सकियो भने मानसिक समस्या निको पनि हुने गर्छ ।

पहिले-पहिले त मानसिक रोगी पनि हुन्छन् र भनेर प्रश्न गरिन्थ्यो । मानसिक रोग लाएको छ भन्नु लज्जास्पद मानिन्थ्यो । अझै पनि यस्ता समस्याहरूलाई भित्रभित्रै लुकाइन्छ । तर, आजकाल भने सहजै नखुलाए पनि यसबारे मानिसहरू जान्न उत्सुक रहेको पाइएको छ । लकडाउनको बेलामा मानसिक समस्याहरूबारे सोधपुछ गर्ने मानिसहरूको संख्या पनि दिन-प्रतिदिन बढेको पाइएको छ । हिजोआज स्थानीय सरकारमार्फत मानसिक अपाङ्गता पहिचान गरी विशेष सुविधासहितको कार्ड पनि प्रदान गरिन्छ, जसका कारण अपाङ्गता भएका मानिसहरूको मनोबल बढेको र जीवनयापन गर्न थप हौसला मिलेको छ । विभिन्न प्रकारका अपाङ्गतालाई पहिचान गरी स्थानीय स्तरमा चार प्रकारका कार्डहरू दिइन्छ । पूर्ण अपाङ्गता भएका मानिसहरूलाई रातो, गम्भीर प्रकारको अपाङ्गता भएका मानिसहरूलाई नीलो, मध्यम प्रकारको अपाङ्गता भएका मानिसहरूलाई पहेंलो र सामान्य प्रकारको अपाङ्गता भएका मानिसहरूलाई सेतो कार्ड उपलब्ध गरिन्छ । सोही अनुसार अपाङ्गता भएका व्यक्तिहरूले राष्ट्रको नीति-नियमअनुसारका सेवा-सुविधाहरू प्राप्त गरिरहेका छन् ।

पछिल्लो दुई-तीन दशक अवधिबाट नेपाललगायत विभिन्न विकासोन्मुख राष्ट्रहरूमा मानसिक स्वास्थ्यसम्बन्धी योजना, कार्यक्रम बजेटमा भइरहेकै छ । तर, कोरोना महामारीसँगै हरेक विद्यालयमा मानसिक स्वास्थ्य विषयलाई पाठ्यक्रममा समावेश गर्ने राष्ट्रको निर्देशन अनुकरणीय रहेको छ । यस्तो प्रकारको राष्ट्रको पहल र निर्देशनले कम लागत र उपलब्ध स्थानीय स्रोतसाधनको प्रयोगसँगै समग्र विद्यालय, शिक्षक, अभिभावकहरूलाई मानसिक रूपमा स्वस्थ रहन महत्वपूर्ण भूमिका खेल्छ ।

मानसिक समस्याहरूलाई कम गराएर स्वास्थ्य अवस्थामा सुधार ल्याउने लक्ष्य दिगो विकासका १७ लक्ष्यहरूमा पनि समावेश भएको छ, जसमा दिगो विकास लक्ष्य नं. ३ सुस्वास्थ्य तथा समृद्ध जीवनअन्तर्गत ३.४ मा सन् २०३० सम्ममा नसर्ने रोगबाट हुने असामयिक मृत्युदर रोकथाम र उपचारबाट एकतिहाइले कम गर्ने र मानसिक स्वास्थ्य तथा समृद्ध जीवनको प्रवर्धन गर्ने सहायक लक्ष्य रहेको छ । शिक्षक, अभिभावक, विद्यार्थी र स्थानीय स्तरको सकारात्मक पहल र सहयोगबाट पक्कै पनि २०३० सम्म नेपालबाट पनि मानसिक स्वास्थ्यका क्षेत्रमा उदाहरणीय प्रयास, नीति, नियम, बजेटका साथ स्वास्थ्यमा राम्रै सुधार देखिनेछ ।

# चौथोपटक श्रीलंकाको प्रधानमन्त्री बने महिन्दा राजपाक्ष



**काठमाडौं/एजेन्सी–** श्रीलंका पोदुजाना पेरामुना पार्टीका नेता एवं पूर्व राष्ट्रपति महिन्दा राजापाक्षले आइतबार श्रीलंकाको प्रधानमन्त्री पदको सपथ लिएका छन्। संसदको निर्वाचनमा पेरामुना पार्टीले भारी बहुमत प्राप्त गरेसँगै महिन्दा राजापाक्ष प्रधानमन्त्रीमा नियुक्त भएका हुन्।

राजापाक्षले श्रीलंकाको राजधानी कोलम्बोको बाहिरी इलाकामा रहेको केलानीया बौद्ध मन्दिरमा आयोजित भव्य समारोहमा प्रधानमन्त्री पदको सपथ लिएका थिए। सपथ कार्यक्रममा कुटनीतिक समुदायका व्यक्ति तथा सत्तापक्ष र विपक्षी दलका सांसदहरुको उपस्थिति थियो। राजापाक्षले श्रीलंकामा यो सहित चौथो पटक प्रधानमन्त्री पदको सपथ लिएका छन्। श्रीलंकाका राष्ट्रपति महिन्दाका भाइ गोटाभाया राजपक्षेले उनलाई सपथ खुवाएका हुन्।

सपथपछि दाजुभाइले राजमहा विहारमा प्रार्थना गरे। यस कार्यक्रमलाई राष्ट्रपति गोटभायाको आधिकारीक फेसबुक पेजबाट लाइभ गरिएको थियो। सपथ समारोहमा पुरै राजपाक्षे परिवार विहारमा उपस्थित थियो। पछिल्ला दुई दशकदेखि राजपाक्षे परिवारको श्रीलंकाली राजनीतिमा राम्रो पकड छ। राजनीतिक विश्लेषकहरुले अब श्रीलंकाको राजनीतिमा उनीहरुको पकड थप बलियो हुने अनुमान लगाएका छन्।

राजापाक्षको दल पेरामुनाले गत अगष्ट ५ मा सम्पन्न चुनावमा २२५ सदस्यीय संसदमा १४५ स्थानमा जितेको थियो। श्रीलंकाली निर्वाचन आयोगका अनुसार गत बुधबार सम्पन्न चुनाव श्रीलंकाको इतिहासमै पहिलो पटक सर्वाधिक शान्तिपूर्वक रुपमा सम्पन्न भएको थियो। कोरोनाभाइरसको महामारीका बाबजूद यस चुनावमा करिब ७१ प्रतिशत मतदान भएको थियो।

उनको नयाँ मन्त्रिपरिषद यही साताको अन्त्यसम्ममा घोषणा हुनेछ। सत्तामा राजपाक्षे परिवारको पकड बलियो बनाउनेदेखि संविधान संशोधन गर्नका लागि दुई-तिहाई बहुमत महत्वपूर्ण साबित हुने विश्लेषकहरुको अनुमान छ। स्थानीय मिडियाका अनुसार श्रीलंकामा नयाँ सोमबार नयाँ मन्त्रिमण्डलका सदस्यहरुको सपथग्रहण कार्यक्रम हुनेछ।

यसपछि राज्यमन्त्री एवंम् उपमन्त्रिहिरुले सपथ ग्रहण गर्नेछन्। नवनिर्वाचित सरकारले मन्त्रीहरुको संख्या २६ मा सिमित राख्ने निर्णय लिएको छ। यद्यपी १९ औं संविधान संशोधनको प्रावधानअनुसार यसलाई बढाएर ३० पुर्‍याउन सकिन्छ।

श्रीलंकाली राष्ट्रपति गोटाबाया राजापाक्षका अनुसार नयाँ संसदको बैठक आगामी अगस्ट २० मा शुरु हुनेछ। श्रीलंकाली इतिहासमा भाइ गोटाबाया राष्ट्रपति र दाइ महिन्दा राजापाक्ष एकै पटक मुलुकका दुई सर्वोच्च राजनीतिक पदमा पुगेका छन्।

महिन्दा राजपाक्षे २००५ देखि २०१५ सम्म झन्डै एक दशकसम्म राष्ट्रपति बनिसकेका थिए। महिन्दा र उनका भाइ गोटाभाया कुनै समय चीन निकट मानिन्थे, यो पनि भनिन्छ कि पश्चिमा देशसँग उनीहरुको सम्बन्ध राम्रो छैन। यद्यपी, राजनीतिक विश्लेषकहरुका अनुसार श्रीलंकाको विदेश नीतिमा लगातार परिवर्तन देखिँदै आएको छ र अहिले श्रीलंकाले भारतसँग राम्रो सम्बन्ध बनाउने कोसिस गरिरहेको छ। महिन्दा बहुसंख्यक सिंहली जनताबीच लामो समयदेखि लोकप्रिय रहिआएका छन्।

उनका कतिपय समर्थकले उनलाई 'राजा' समेत भन्छन्। यद्यपि, २००९ मा समाप्त भएको श्रीलंकाली गृहयुद्धका दौरान उनीमाथि मानव अधिकार उल्लंघनको आरोप लागेको थियो। यस आरोपबाट उनी अहिले पनि मुक्त छैनन्। श्रीलंकामा गृहयुद्धमा हजारौं मानिस मारिएका थिए।

# कोरोना संक्रमित राखिएको होटलमा आगलागी, ९ को मृत्यु



**काठमाडौं/एजेन्सी–** भारतको आन्ध्र प्रदेशको विजयवाडामा रहेको एक होटेलमा आगलागी भएको छ। स्वर्ण प्यालेस नामको यो होटेललाई कोरोना केयर सेन्टरका रुपमा प्रयोग गरिएको थियो। कोभिड-१९ का संक्रमितलाई राख्नका लागि एक निजी अस्पतालले यो होटेललाई प्रयोग गरिरहेको थियो। आन्ध्र प्रदेशका गृह राज्यमन्त्री मेकाथोटी सुचरिताका अनुसार विद्युत सर्ट हुँदा होटेलमा आगलागी भएको हो।

साथै आन्ध्र प्रदेश सरकारका सल्लाहकार एस. राजीव कृष्णाले ट्विटमार्फत मुख्यमन्त्रीले आगलागीबाट प्रभावितको उपचारका लागि सहयोग गर्ने वचन दिएको जनाएका छन्। विजयवाडा प्रहरी कमिस्नरले अग्नि नियन्त्रक विभागलाई उद्धृत गर्दै होटेलमा भएको आगलागीमा परि सातजनाको मृत्यु भएको जानकारी दिएका छन्। विजयवाडा प्रहरी विभागका अनुसार आगलागीका समयमा होटेलमा ५० जना थिए। आगलागीबाट बच्नका लागि चारजना होटेलको माथिल्लो तलाबाट हामफालेका थिए। यद्यपि यी चारजनाबारे अझै जानकारी नपाइएको बीबीसीले समाचारमा जनाएको छ।

आगलागीमा परि घाइतेहरुलाई उपचारका लागि नजिककै रहेको रमेश अस्पतालमा भर्ना गरिएको छ। केही दिनअघि मात्र रमेश अस्पतालले यो होटललाई कोरोना संक्रमितको उपचारका लागि भाडामा लिएर प्रयोग गरिरहेको छ। आन्ध्र प्रदेश सरकारले आगलागीको कारणबारे जाँच गर्न निर्देशन दिएको छ। यसको जाँचको अध्यक्षता भने जिल्लाका प्रमुखले गर्नेछन्।

# अफगानिस्तानको घाज्नीमा बम हमला, सात जनाको मृत्यु



**काठमाडौं/एजेन्सी–** अफगानिस्तानको घाज्नी प्रान्तमा शनिबार प्रहरी चौकीलाई लक्षित गरी भएको कार बम विष्फोटमा सात जनाको मृत्यु हुनुका साथै १६ जना घाइते भएका छन्। गृह मन्त्रालयका प्रवक्ता तारेक एरियनका अनुसार सशस्त्र विद्रोहीहरुले विष्फोटक पदार्थले भरिएको कार घाज्नी शहरको बाहिरी इलाकामा रहेको कोटाल रावा प्रहरी चौकीमा साँझ ७.४५ बजे विष्फोट गराएका थिए। प्रवक्ता तारेकले उक्त घटनाको अनुसन्धान थालिएको जानकारी दिए।

प्रान्तीय सरकारका प्रवक्ता वाहिदुल्लाह जुमाजादाले पनि घटनाको पुष्टि गर्दै आक्रमणकारीहरु प्रहरी चौकीभित्र प्रवेश गर्न खोजेका तर प्रहरीको प्रतिकारले उनीहरुको त्यो प्रयास सफल हुन नपाएको बताए। उक्त आक्रमणको घटना ४०० जना विवादास्पद तालिबान बन्दीका विषयमा निर्णय गर्न लोया जिर्गा अर्थात समाजका ज्येष्ठ एवं प्रबुद्ध वर्गको बैठक बसिरहेका समयमा भएको छ। लोया जिर्गा बैठकमा अफगानिस्तानका विभिन्न भागबाट आएका तीन हजारभन्दा बढी सदस्यको सहभागिता छ।

घानी सरकारले अफगानिस्तानमा युद्धरत तालिबानका पाँच हजार १०० लडाकूलाई जेलमुक्त गरिसकेको छ। तर तालिबानले जेलमा अझै बन्दी अवस्थामा रहेका ४०० लडाकूलाई तत्काल रिहाई गर्नुपर्ने माग गर्दै आएको छ। सरकारको भनाइमा यी लडाकू ट्रक बम आक्रमण, अपहरण र नागरिक हत्याका आरोपी हुन्।

सरकार र विद्रोही तालिबानबीच लडाकूको रिहाईसँगै अन्तर-अफगान संवाद हुने र वर्षौंदेखिको गृहयुद्ध समाप्त हुने अपेक्षा गरिएको छ। यसैबीच, लोया जिर्गाले अफगानी जेलमा बन्दी ४०० लडाकूलाई मुक्त गर्न सिफारिस गरेको छ।

# भारतमा एकै दिन थपिए ६४ हजार बढी संक्रमित



**काठमाडौं/एजेन्सी–** भारतमा विगत २४ घण्टाको अवधिमा कोरोनाभाइरस संक्रमित व्यक्तिको संख्या ६४ हजार ३९९ जना रहेको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जनाएको छ। मन्त्रालयका अनुसार २४ घण्टाको अवधिमा कोरोनाभाइरस संक्रमित व्यक्तिमध्ये ८६१ जनाको मृत्यु भएको छ। भारतमा यो सहित मृत्यु भएका व्यक्तिको कूल संख्या ४३ हजार ४ सय नाघेको छ। साथै कूल संक्रमितको संख्या पनि २१ लाख ५६ हजार नाघेको छ।

स्वास्थ्य अधिकारीहरुले कूल संक्रमितमध्ये १४ लाख ८१ हजार भन्दा बढी निको भएर डिस्चार्ज भएका छन्। अहिले पनि ६ लाख ३१ हजार बढी व्यक्ति विभिन्न स्वास्थ्य केन्द्रमा उपचार गराइरहेका छन्।

भारतीय चिकित्सा अनुसन्धान परिषदले अगष्ट ८ का दिन ७ लाख १९ हजार ३६४ जनाको परीक्षण गरिएको जनाउँदै कोरोना संक्रमण देखिन थालेयता हालसम्म कूल २ करोड ४१ नमुना परीक्षण गरिएको बताएको छ।

# स्पेनका पूर्वराजा देश छाडेर यूएई पुगे !



**काठमाडौं/एजेन्सी–** स्पेनका पूर्व राजा ख्वान कार्लोस संयुक्त अरब इमिरेट्स (यूएई) पुगेको दाबी गरिएको छ। देश छोड्ने निर्णय गरेको पूर्व राजा कार्लोस विशेष विमान मार्फत युएईमा अवतरण गरेको सार्वजनिक भएको तस्बिरमा देखिएको दाबी गरिएको छ। स्पेनिस सञ्चार समूह एनआइयुएसले सार्वजनिक गरेको तस्बिरमा पूर्व राजा कार्लोस अबुधाबीमा विमानबाट झर्दै गरेको देखिएको छ।

गएको सोमबार कार्लोसले देश छाड्ने निर्णय गरेको स्पेनिस राजदरबारले जनाएको थियो। केही हप्ताअघि सुरु भएको भ्रष्टाचार अभियोगको अनुसुन्धानमा उनी पनि जोडिए छन्। ८२ वर्षका पूर्व राजा कार्लोसले पत्र मार्फत देश छोड्ने जानकारी छोरा फेलिपेलाई गराएका थिए। फेलिपेलाई ६ वर्षअघि कार्लोसले सत्ता हस्तान्तरण गरेका थिए।

पूर्व राजा कार्लोसले भ्रष्टाचारका सम्बन्धमा अनुसन्धान गरिरहेका अधिकारीहरुले अन्तर्वार्ता गर्न चाहेमा आफू उपलब्ध रहेको बताएका थिए। गएको जुनमा स्पेनको सर्वोच्च अदालतले साउदी अरेबियामा तीव्र गतिको रेल बनाउने सम्बन्धी सम्झौतामा पूर्व राजा ख्वानको संलग्नताबारे अनुसन्धान सुरु गरेको थियो। अति निपूर्णता पूर्वक स्पेनलाई अधिनायकवादबाट प्रजातन्त्रको मार्गमा ल्याएका कार्लोसका लागि यो अपमानजनक बहिर्गमन हो।

केही दिन अघि स्पेनका पूर्व राजा जुआन कार्लोस देश छोडेर कुनै अपरिचित स्थानमा गए। त्यसको केही हप्ता अघि नै कथित रुपमा उनको नाम भ्रष्टाचारसँग जोडिएको थियो। ८२ वर्षीया जुआन कार्लोसले यसको कुनै घोषणा गरेका थिएनन् तर उनले आफ्ना छोराको नाममा एउटा चिट्ठी भने लेखेका थिए। जुआनले ६ वर्ष अघि नै आफ्ना छोरा फेलिपलाई सत्ता सुम्पिइसकेका छन्।

जून महिनामा स्पेनको सर्वोच्च अदालतले साउदी अरबमा एक द्रूत गतीको रेल सम्झौतामा जुआनको संलग्नताको अनुसन्धान सुरु गरेको थियो। स्पेनको ईआई पाइस समाचार पत्रका अनुसार पूर्वराजा जुआनको पत्र सार्वजनिक हुनु अघि नै उनले देश छोडिसकेका थिए। अहिलेसम्म उनी कहाँ छन् भनेर पत्ता लाग्न सकेको थिएन। यद्यपि, केही मिडिया रिपोर्टले उनी डोमिनिक रिपब्लिकमा भएको दाबी गरे।

बीबीसी यूरोपका संवाददाता निक बिकका अनुसार यस्तो कदम उठाउनु पूर्व राजाका लागि लज्जाको विषय हो। उनी एक यस्ता राजा थिए जसलाई इतिहासमा याद गरिँदै थियो। उनले सन् १९७५ मा जनरल फ्र्याङ्कोको मृत्युपछि तानाशाही स्थितीलाई लोकतन्त्रका लागि स्पेनलाई मार्ग निर्देशन गरेका थिए।

आफ्नो शासनकालको समयमा लामो समयसम्म जुआन कार्लोसको गिन्ती संसारको सबैभन्दा लोकप्रिय राजामा हुन्थ्यो। तर पछिल्लो समयमा स्पेनवासीको एउटा वर्गले उनीमाथि विश्वास गर्न सकिरहेका थिएनन्। सन् २०१४ मा उनकी छोरी र ज्वाईंमाथि लामो समयदेखि चलिरहेको भ्रष्टाचार सम्बन्धित अनुसन्धानका कारण राजाको लोकप्रियता कम भएको थियो।

देश आर्थिक संकटसँग जुधिरहेका बेला राजा बोत्सवानामा हात्तीको शिकार गर्न गएका थिए भन्ने सुनेपछि मानिसहरु उनीसँग झनै रिसाएका थिए। यसैकारण उनले सन् २०१४ मा नै आफ्ना छोरा फिलिपलाई राजगद्दी सुम्पिएका थिए। स्पेनको सर्वोच्च अदालतले यो अनुसन्धानको उद्देश्य जून २०१४ मा जुआन कार्लोसका साउदीको परियोजनासँग सम्बन्धित भएको जानकारी दिएको छ। स्पेनिश फर्म मक्का-मदिनामा रेल लिङ्क बनाउने ठेक्का पाएको थियो जुन करिब ५ अर्ब पाउन्डको थियो। यो मामिलामा स्विस बैंकको भूमिकाको पनि अनुसन्धान भइरहेको छ। स्पेनका भ्रष्टाचार विरोधी अधिकारीलाई पूर्व राजाले स्विटजरल्याण्डमा अघोषित सम्पत्ति राखेका छन् कि भन्ने शंका छ। स्पेनको सरकारले न्याय सबैका लागि बराबर भएको भन्दै अनुसन्धानमा कुनै हस्तक्षेप नगरिने बताएको छ।


## सागर रिक्रुटमेन्ट प्रा. लि.को सार्वजनिक सूचना

**नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त श्रम इजाजत पत्र नं. ८९५/०६७/०६८ को यस सागर रिक्रुटमेन्ट प्रा. लि.ले आर्थिक वर्ष २०७६/०७७ मा विभिन्न देशहरुमा तपशील बमोजिमका संख्यामा कामदार वैदेशिक रोजगारीमा पठाएको सूचना सार्वजनिक गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।**

| क्र.स. | मुलुक | कामदार संख्या | | जम्मा |
|---|---|---|---|---|
| | | पुरुष | महिला | |
| १. | यू.ए.ई. | १४ | ० | १४ |
| २. | कतार | १३० | १९ | १४९ |
| | कुल जम्मा | १४४ | १९ | कुल जम्मा १६३ जना |

**Sagar Recruitment Pvt. Ltd.**
GPO Box: 21807, Dhumbarahi- 4, Kathmandu, Nepal
Tel: +977- 1- 4442232, Fax: +977-1- 4442285
Email: info@sagarjob.com.np, Web: www.sagarjob.com.np
Gov. Lic No. 895/067/068

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

तेस्रो पटक प्रकाशित मिति २०७७/०४/२६

यस कम्पनीको मिति २०७६/१०/२० मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **नमुना ज्योति कृषि फार्म प्रा.लि. (प्रा.लि.नं. २१००७४)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७६/१०/२१ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **सुरा कृषी प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्धारा जानकारी गराईन्छ।

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

तेस्रो पटक प्रकाशित मिति २०७७/०४/२६

यस कम्पनीको मिति २०७६/१०/०६ मा सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **वोल्टेक ह्युमन रिसोर्स प्रा.लि. (प्रा.लि.नं. १६५८६९)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७७/०४/१५ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **टिमप्रो एच.आर. सर्भिसेज प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्धारा जानकारी गराईन्छ।

## प्रदेश सरकार
## भौतिक पूर्वाधार विकास मन्त्रालय
## खानेपानी, सिंचाइ तथा उर्जा विकास कार्यालय
वीरेन्द्रनगर, सुर्खेत
कर्णाली प्रदेश, नेपाल

## बोलपत्र रद्ध गरिएको सूचना

सूचना प्रकाशित मिति : २०७७०४।२६

यस कार्यालयबाट मिति २०७७/०१/२८ मा राजधानी दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार बिद्युतीय निर्माण सामग्रीहरु खरिद कार्यको लागि e-bidding मार्फत बोलपत्र आह्वान गरिएकोमा सो संग सम्बन्धित सम्पूर्ण खरिद प्रक्रियाको काम कारवाही सार्वजनिक खरिद, ऐन २०६३ को दफा २६ को उपदफा (१) (ग) अनुसार रद्ध भएको हुँदा सम्बन्धित सबैलाई जानकारीको लागि यो सूचना प्रकासन गरिएको छ।

**तपसिल :**

| S.N. | Contract No: | Description of Works | Remarks |
|---|---|---|---|
| 1 | 03/076-077/NCB/Goods/RE/WIEDO-Surkhet | Supply & Delivery of ACSR Conductor | |
| 2 | 04/076-077/NCB/Goods/RE/WIEDO-Surkhet | Supply & Delivery of Steel Tubular Pole | |

**श्रीधर भट्टराई**
**(कार्यालय प्रमुख)**

# बक्स अफिस समाचार

## पूजा र प्रकाशको विवाद चर्कंदै

# चलचित्र कलाकार संघमा पूजाले दिइन् उजुरी

**मध्यान्ह संवाददाता**
काठमाडौं, २५ साउन

पछिल्लो समय पत्रकार प्रकाश सुवेदी र पूजा शर्माबीचको वाकयुद्धले फिल्म क्षेत्रमा तरंग ल्याएको छ । सोही विषयमा फिल्मकर्मीहरुले विभिन्न प्रतिक्रिया जनाइरहेका छन् । टेलिभिजन अन्तर्वार्ता नदिएको कारण पत्रकार सुवेदीले राष्ट्रिय टेलिभिजनमार्फत् अभिनेत्री पूजालाई दारा निस्किएकी महानायिका भनेर टिप्पणी गरेका थिए । त्यसलगत्तै अभिनेत्री पूजाले सामाजिक सञ्जालमार्फत आक्रोश पोखेकी थिइन् ।

यसैबीच अभिनेत्री पूजा शर्माले पत्रकार प्रकाश सुवेदीविरुद्ध उजुरी दिएकी छन् । पत्रकार सुवेदीले आफूविरुद्ध दिएको अभिव्यक्तिप्रति आपत्ति जनाउँदै अभिनेत्री पूजाले आइतबार चलचित्र कलाकार संघमा उजुरी दिएकी हुन् । बिहिबार सार्वजनिक कार्यक्रममा पत्रकार सुवेदीले 'आफैं नजान्ने अनि हामीले चाहिँ लिएको इन्टर्भ्यू काटिदिनु पर्ने? मिलाई मिलाई महानायिका बनाइदिनु पर्ने? त्यो पनि दारा निस्किएको अनुहारलाई ?' भनेका थिए ।

उक्त कार्यक्रम सार्वजनिक भएपछि अभिनेत्री पूजाले नाम नतोके पनि आफैलाई भनेको भन्दै स्टाटस लेखेकी थिइन् । हाल पूजाले आफ्नो मानहानी गरेको भन्दै कलाकार संघमा उजुरी हालेकी छन् ।

कलाकार संघका उपाध्यक्ष मोहन निरौलाले यस विषयमा संघको ध्यानाकर्षण भएको बताउँदै भने, 'जे भयो त्यो एक अभिनेत्री मात्र नभइ सबै नेपाली कलाकार एवं फिल्मकर्मीविरुद्धको अपमान हो । हामी भोलि नै यस विषयमाथि छलफल बस्दै थियौं ।'

उनले सोमवार संघका पदाधिकारीहरू र कानूनी सल्लाहकारहरूको बैठक रहेको पहिलोपोस्टलाई जानकारी दिए । पछिल्लो समय विभिन्न माध्यमबाट कलाकार हरूविरुद्ध व्यक्तिगत आक्रोश पोख्ने साथै अपमानजनक व्यवहार गर्ने प्रवृत्ती मौलाएको उनको तर्क छ । निरौलाले भने, 'पीडितका लागि न्यायसँगै कसरी यस्तो प्रवृत्ती निरुत्साहित गर्न सकिन्छ भन्ने विषयमा हाम्रो छलफल केन्द्रित रहने छ ।'



'मैले बुझेको रजतपटको अर्थ– चलचित्र घरको पर्दा हो । तर हिजो आज मैलो हुँदै गएको छ, सायद धुने बेला आएको छ, सायद फेर्ने बेला आएको छ ।'


■ ऋचा शर्मा, अनिनेत्री

पूजालाई ऋचाको समर्थन

यस विवादमा अभिनेत्री पूजा शर्मालाई ऋचा शर्माले समर्थन गरेकी छन् । ऋचाले फेसबुक स्टाटसमार्फत् पूजाको साथ दिएकी हुन् । चलचित्र पत्रकार प्रकाश सुवेदीसँगको अन्तर्वातमा देशमा कति वटा प्रदेश छन् ? कति वटा जिल्ला छन् ? तीन जना मन्त्रीको नाम भन्नुस् ? सामान्य ज्ञान सम्बन्धी प्रश्नको जवाफ दिन नसकेपछि पूजा ट्रोलको शिकार बनेकी थिइन् । उक्त कार्यक्रम प्रसारण भएपछि उनी मौन रहेकी थिइन् । सोही पत्रकारले पुनः अन्तर्वाताका लागि बोलाए पछि पूजा राजी भइनन् । र, पत्रकारले कार्यक्रममै पूजाको शारीरिक एवं बौद्धिक पक्षमाथि प्रश्न र व्यंग्य गरे ।

सो टिप्पणीमा पूजाले प्रश्न गरेकी छिन् : कति चुप रहने ? कति सहने ? पूजा बोलेपछि उनको पक्षमा धेरै कलाकार बोलिरहेका छन् । पूजा बोले लगत्तै पत्रकार सुवेदी आलोचित बन्न पुगेका छन् । ऋचाले पूजाको समर्थनमा पत्रकार सुवेदीले उल्लेख गरेको 'चार दिनको चन्द्रमा र त्यस पछि औंशी' उखानलाई दृष्टिदोष भनेकी छन् । ऋचाले आफूहरु आफ्नो परिश्रम र क्षमताले कलाकार भएको भन्दै कसैले महानायिका बनाउनु पर्दैन भनेकी छन् । उनले पूजालाई व्यंग्य गर्ने पत्रकारको कार्यक्रमलाई इंकित गर्दै भनेकी छिन्: रजतपटको मतलव चलचित्र घरको पर्दा हो जुन हिजोआज मैलो हुँदै गएको छ । अन्तर्वार्ता लिने टेलिभिजन च्यानलले अब समीक्षा गर्नुपर्ने बेला आएको ऋचाको भनाइ छ ।





ऋचा शर्मा लेख्छिन्, 'हामी हाम्रो परिश्रम र क्षमताले कलाकार भएका हौं, कसैले हामीलाई महानायिका बनाउनु परेको छैन । कठै हाम्रो समाज र ती अग्रज भनाउँदाहरु, त्यो भन्दा कठै उनीहरुको सोच । तर, अब ती कठैको सोच विच म कठैबरा बन्दिनँ ।'

ऋचा अगाडि लेख्छिन्, 'एक दशकदेखि यस क्षेत्रमा रहिरहेको म र मेरा अग्रज दिदीहरु र नयाँ बहिनीहरुलाई भन्न चाहन्छु कि चाहे जो सुकैले तपाइलाई चार दिनको चन्द्रमा र त्यसपछि औंशी भन्छन्, तिनलाई हाँसेर भन्दिनुस् की दोष तिनको दृष्टिकोणमा छ, सिकाइदिनुहोस् कि, औंशीमा चन्द्रमा गायब हुने होइन, फरक प्रकाश कहाँ पर्छ भन्नेमा हुन्छ । सुनाइदिनुहोस्, चन्द्रमा आफ्नो दागविच नै सुन्दर छ ।'

उनी अगाडि लेख्छिन्, 'मैले बुझेको रजतपटको अर्थ- चलचित्र घरको पर्दा हो । तर हिजो आज मैलो हुँदै गएको छ, सायद धुने बेला आएको छ, सायद फेर्ने बेला आएको छ ।' ऋचाले एउटा नायिका र त्यो भन्दा पहिला नारीको हैसियतले समाजले कसरी जिउने, कसरी समाजमा अटाउने, कसरी हिड्ने, बोल्ने भनेर बाम्रबार सिकाउँदा आक्रोश, हिनता र अस्थिरताले सताउने पनि उल्लेख गरेकी छिन् ।

पूजा शर्माको पक्षमा फिल्मकर्मी रविन्द्र सिंह बानियाँ पनि बोलेका छन् । उनले आफूले आगामी दिनमा आफूले निर्माण गर्ने कुनैपनि फिल्मको प्रचार प्रसार प्रकाश सुवेदीको कार्यक्रममार्फत् नगर्ने जनाएका छन् ।

## बाढी पीडितका लागि चलचित्र पत्रकार संघको रक्तदान




**काठमाडौं/मस–** चलचित्रको विधामा कलम चलाउने पत्रकार हरुको साझा संस्था चलचित्र पत्रकार संघ नेपालले बाढी पहिरो जस्ता प्राकृतिक प्रकोपमा परेर घाइते भएकाहरुका लागि रक्तदान गरेको छ । शनिवार सामाजिक दूरी र स्वास्थ्य सुरक्षाका उपाय अपनाएर संघले रक्तदान गरेको हो । रक्तदानमा ४१ प्वाइन्ट रगत संकलन भएको संघका कार्यक्रम उपाध्यक्ष जीवन कुमार पराजुलीले बताए ।

सय जनाभन्दा बढीको सहभागिता रहेको रक्तदान कार्यक्रममा चलचित्र विकास बोर्डका अध्यक्ष दयाराम दाहाल अतिथिको रुपमा उपस्थित भएका थिए । उनले कोरोना महामारीको समयमा सावधानी अपनाएर संघले गरेको रक्तदान कार्यक्रमको प्रशंसा गरे । महिला फिल्म निर्देशक सम्झना रौनियार, वितरक सुनिल मानन्धर, कलाकार निर्मल शर्मालगायत कार्यक्रममा उपस्थित थिए ।

संघका अध्यक्ष दिनेश सिटौलाले कोरोना महामारीका बीच पनि राम्रो उपस्थितिका साथ रक्तदान सम्पन्न भएको बताए । विभिन्न ठाउँमा बाढी पहिरोमा परेर घाइते भएकाहरुको उपचारका लागि रगत अभाव भएको जानकारी प्राप्त भएपछि संघले रक्तदान गरेको उनको भनाई छ । उनले भोलिका दिनमा पनि सामाजिक हित हुने कार्यक्रमहरु लिएर आउने प्रतिवद्धता व्यक्त गरे ।

## बाहुबलीका भल्लालदेवले गरे विवाह

**काठमाडौं/एजेन्सी–** बाहुबली फिल्ममा खलनायकको भूमिकामा अभिनय गरेका भल्लालदेव अर्थात् राण दग्गुबतीले मिहिका बजाजसँग विवाह गरेका छन् । शनिबार उनीहरुको विवाह समारोह रामानायडू स्टुडियोमा पूरा भयो । यो विवाह समारोहमा उनीहरुका परिवारका सदस्य, केही आफन्त, साथीहरु र फिल्म इन्डष्ट्रिसँग जोडिएका व्यक्तित्व समावेश थिए । समान्था अक्किनेनी नागा चैतन्य, राम चरण र अलु अर्जुन विवाह समारोहमा उपस्थित भएर राणा र मिहिकालाई बधाई दिए ।



राम चरणले इन्स्टाग्राममा राणालाई बधाई दिँदै लेखेका थिए, 'अन्ततः मेरो हल्कले विवाह गर्यो । राणा दग्गुबती र मिहिका बजाजको विवाह सधैं सुखमय बितोस् ।' विवाहको क्रममा कोरोनाको प्रोटोकललाई ध्यानमा राख्दै विवाह स्थलमा स्यानिटाइजर र डिसइन्फेक्टेन्ट टनल्स राखिएका थिए । सामाजिक दुरीको पालना पनि गरियो । उनीहरुको विवाहमा ३० भन्दा कम व्यक्तिको उपस्थिती रह्यो र सबैको विवाह स्थल प्रवेश गर्नुअघि कोभिड-१९ परीक्षण गरिएको थियो ।

## सत्र वर्षमा सोह्र सय कविता

**इलाम/रासस–** बालिका करिब नौ वर्ष भएकी थिइन् । आँगनमै बसेर गृहकार्य गर्दै गरेकी उनलाई आफ्नै बुबा (तुङ्गनाथ थपलिया)ले एक्कासि कविता लेख्न आदेश दिए । वर्षको गणनाबाट दोहोरो अङ्कमा समेत नपुगेकी बालिकालाई शुरुमा त बुबाको कुरा सुन्दा 'बिजुली चम्किए' झैं भयो ।

कवितामा कहिल्यै कलम नचलाएकी बालिकालाई शीर्षककै दिएर कविता लेख्न आदेश दिँदा नआत्तिने कुरै भएन । उनले भनिन्, 'कविता लेख्नेतिर त मेरो ध्यान नै थिएन । बुबाले 'मेरो देश नेपाल' शीर्षकमा कविता लेख्न भनेर भन्नुभएको थियो ।' यसरी बुबाको आदेशपछि कविता लेख्न थालेकी बालिकालाई आफ्नो भविष्य साहित्यमय बन्छ भन्ने थाहा नभए पनि बुबाले भने केही लक्षण देखिसकेका थिए ।

'केही समयपछि नै कविता लेखेर बुझाएँ,' ती दिन सम्झँदै उनले भनिन्, 'केही बेरपछि बाको प्रतिक्रिया सकारात्मक नै आयो ।' त्यसपछि एकपछि अर्को गर्दै बालिकाका कविताका संख्या बढ्दै गए भने संख्यासँगै गुणस्तर पनि । पृष्ठभूमि नै साहित्यकारको घराना भएकाले बालिकालाई 'कविताले चुम्बकले झै तान्न' थाल्यो ।

विस्तारै विद्यालयका प्रतियोगितामा पनि बालिकाका कविता गुञ्जिन थालेपछि झनै हौसला बढ्दै गयो । कविता लेख्न शुरु भएको दुई वर्षपछि (११ वर्ष) नै विद्यालय (शारदा माध्यमिक विद्यालय) मा कवितामा तृतीय स्थान हासिल गर्दा त परिवारमा हौसलाको सीमा रहेन, बालिकाका आँखामा हर्षका आँशु बग्न थाले । 'त्यो पुरस्कार मेरो अविष्मरणीय पुरस्कार हो । अमूल्यझैँ लाग्छ,' बालिकाले विगत सम्झँदै भनिन्, 'त्यसरी भाग लिएका सबैजसो ठाउँमा एउटा न एउटा स्थान त जमाइहाल्थेँ । कविताप्रतिको मेरो लगाव देखेर बा औधि खुशी हुनुहुन्थ्यो ।'



**प्रेमको 'सेतु'नै कविता**


पन्ध्र वर्षसम्म बाल कविता लेखे पनि वर्ष १६ पुगेपछि बालिकालाई यौवनमय कविता लेख्न मन लाग्न थाल्यो । त्यो उमेरसम्म पनि अविछिन्न रूपमा कविता लेख्दै गरेकै बालिकालाई त यो समय नयाँ खुराक भेटेझैँ भयो । बालिकाको उमेर १७ पुग्दा त कविता पनि एक हजार ६०० पुगिसकेका छन् । यही विषयमा भिनाजु (डा देवी क्षेत्री दुलाल) प्रभावित भएर पत्रिकामा 'सालीको उपहार, १६ सय कविता' लेखे । 'भिनाजुले आँखा पत्रिकामा यो कविता लेख्नुभएको रहेछ । मलाई त पत्तै थिएन,' बालिकाले भनिन्, 'भिनाजुले कान्तिपुरमा काम गर्ने पत्रकार वेनुप भट्टराईलाई कविता छाप्न दिनु भएछ ।' त्यही कवितामार्फत बालिका र वेनुपको चिनजान बढ्दै गयो ।

कविताले जोडेको मित्रता विस्तारै प्रेममा परिणत भयो र पछि विवाहसमेत भयो । 'धेरैले अचम्म मान्छन् कविता लेखेकै कारण प्रेम सम्बन्धमा पुग्यौं ।' विवाहपछि पनि कविता रचना सधैं बालिकाको प्राथमिकतामै पर्‍यो । कुनै समय निक्लिए वा निकालेर पनि उनी कवितामै बस्थिन् । कविताबाटै समाज परिवर्तन हुन सक्छ भन्ने बुझेकी बालिकाले कवितााबाहेक अन्य विधामा पनि कलम चलाइन् तर कविता विशेष नै लाग्यो ।

सङ्घर्षशील व्यक्तिको पुस्तक अनुवाद

अङ्ग्रेजी विषयमा स्नातकोत्तर बालिकालाई सङ्घर्षरत व्यक्तिको जीवनी नेपालीमा अनुवाद गर्न पाए धेरैलाई उत्प्रेरक बन्न सक्छ भन्ने लाग्यो । रहर भएर भएन किताब अनुवाद गर्ने काम सामान्य थिएन । 'चुनौतीलाई पन्छाउँदै भए पनि अनुवाद गर्छु' भन्ने भन्ने भएपछि अफ्रिकी राष्ट्रपति नेलसन मन्डेलाको कृति अनुवाद गर्ने तर्खरमा थपलिया पुगिन् । 'जीवनमा सङ्घर्ष गरेको व्यक्तिको किताब अनुवाद गर्ने अठोट गरेकी थिएँ, त्यो अवसर पनि आयो,' थपलियाले भनिन् ।

## सञ्जय दत्त अस्पताल भर्ना, कोरोना रिपोर्ट नेगेटिभ



**काठमाडौं/एजेन्सी–** बलिउड अभिनेता सञ्जय दत्तलाई शनिबार साँझ लीलावटी अस्पतालमा भर्ना गरिएको छ । छाती र अक्सिजनको मात्रामा समस्या देखिएपछि उनलाई अस्पताल लगिएको हो । ६१ वर्षीय दत्तलाई अस्पताल लग्नेबितिकै (र्‍यापिड एन्टिजेन) परीक्षण गरी कोरोना परीक्षण गरिएकामा रिपोर्ट नेगेटिभ आएको छ । त्यसपछि गरिएको आरटी( पीसीआर परीक्षण पनि नेगेटिभ आएको चिकित्सकले पुष्टि गरेका छन् ।

सञ्जयको मेडिकल प्यारामिटर र अक्सिजन स्तर किन खस्केको भनेर थाहा पाउन अझै थप केही परीक्षण गर्न बाँकी रहेको उनको उपचार गरिरहेका डा. जलिल पारकरले बताएका छन् । डा. जलिल पारकर स्वयं गत माहिनामात्रै कोरोना संक्रमण मुक्त भएर नियमित काममा फर्किएका चिकित्सक हुन् । सञ्जयलाई (इन्टेन्सिभ केयर) मा भर्ना गरिएको तर स्वास्थ्य अवस्था स्थिर रहेको उपचारमा संलग्न चिकित्सकहरुले जनाएका छन् ।

अभिनेता स्वयंले पनि ट्विटरमार्फत आफ्नो स्वास्थ्य स्थिर रहेको र कोरोनाको रिपोर्ट नेगेटिभ आएको जानकारी दिएका छन् । उनले लेखेका छन्, 'सबैमा जानकारी दिन चाहन्छु कि मेरो स्वास्थ्य अवस्था ठीक छ, र मेरो कोरोना रिपोर्ट पनि नेगेटिभ आएको छ । लीलावती अस्पतालका डाक्टर, नर्स र अन्य कर्मचारीहरुको हेरचाहले छिटै घर फर्किनेछु । तपाईंहरुको आशीर्वाद र प्रार्थनाका लागि धन्यवाद ।'


**उत्तरगया गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
खाल्टे, रसुवा

**प्राविधिक सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०७७/०४/२६**

प्रस्तुत बिषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) चलानी नम्बर २३ मिति २०७७-०४-१२ को पत्रानुसार यस उत्तरगया गाउँपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रको लागि आवश्यक प्राविधिक सहायक पद करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले यस सूचना प्रकाशित भएको मिति बाट १५ दिन भित्र माग बमोजिमका विवरण र राजश्व तिरेका रसिद सहित यस कार्यालयमा निबेदन दिनुहुन अनुरोध छ ।

**तपशिल**


| क्र.सं. | बिज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| ०१ | ०१/०७७-७८ | प्राविधिक सहायक | स्थानीय सेवाको पाँचौ तह सरह | १ |

**१. आवश्यक न्यूनतम योग्यता र अनुभव :**
**(क)** सिभिल इन्जिनियरिङमा प्रबिणता प्रमाण पत्र तह वा ओभरसियर वा डिप्लोमा तह उतीर्ण भएको ।
**(ख)** अनुभब र सीप : प्राविधिक सहायकमा देहायका अनुभव र सीप आवश्यक पर्नेछ :-
- कम्तिमा ३ महिने तालिम लिई आधारभूत कम्प्यूटर सीप भएको ।
- पूर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरीबेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र बिश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव, पारस्परिक सम्बन्ध सम्बन्धी सीप सहित कम्तीमा ६ महिनाको अनुभव भएको ।

**(ग)** उमेर : कम्तीमा १८ बर्ष पुरा भई ४५ बर्ष ननाघेको ।
**२. दरखास्त दिने स्थान :** उत्तरगया गाँउपालिका, गाँउ कार्यपालिको कार्यालय, खाल्टे, रसुवा ।
**३. दरखास्त दिने अन्तिम मिति :** २०७७/०५/०८ (दरखास्त पेश गर्ने अन्तिम मितिमा सार्बजनिक बिदा पर्न गएमा कार्यालय खुलेको पहिलो दिन सम्ममा पेश गर्न सकिनेछ । )
**४. आवेदन दस्तुर :** रु. ४००।-
**५. छनौटको किसिम :** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परिक्षा
**६. आवेदन साथ संलग्न कागजातहरु :** आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु
- नागरिकता, न्युनतम योग्यताको लब्धांक प्रमाण पत्र, चारित्रिक प्रमाण पत्र, अनुभव खुल्ने कागजात, २ प्रति पासपोर्ट आकारको फोटो

**७. सेवा सुविधा :** गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रिया को दफा (११), (१२) (१३) बमोजिम हुनेछ ।
**८. पदले सम्पादित गर्नुपर्ने कार्य विवरण :** गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रिया को दफा ९ बमोजिम हुनेछ ।
**नोट :** आवेदन ढाँचा र प्राविधिक सहायक पदको कार्यविवरण लगायत अन्य जानकारी www.pmep.gov.np मा उपलब्ध छ ।

# फुटबलरको कोरोना परीक्षण सोमबारदेखि




**मध्यान्ह संवाददाता**
काठमाडौं, २५ साउन

अखिल नेपाल फुटबल संघ एन्फाले नेपाली राष्ट्रिय फुटबल खेलाडीको कोरोना परीक्षण सोमबार र मंगलबार गर्ने भएको छ।

फिफा विश्वकप छनोटका लागि तयारी गर्नु अगाडी एन्फाले राष्ट्रिय फुटबल टोलीका सदस्यको कोरोना परिक्षण सोमबारबाट शुरु गर्ने जनाएको हो।

एन्फाले पहिलो चरणमा कर्मचारीको परिक्षण गर्नेछ भने त्यसपछि खेलाडीको गर्ने भएको छ।

सोमबार र मंगलबार गरेर २ चरणमा कोरोना परीक्षण गरिने एन्फाले जानकारी दिएको छ। भदौ १ गतेबाट प्रशिक्षण सुरु गर्ने तयारी गरेको एन्फाले काठमाडौं बाहिर रहेका खेलाडी होटेलमा क्वारेन्टिनमा राखेको छ भने उपत्यकाका खेलाडीहरुलाई भने होम क्वारेन्टिनमा राखिएको छ।

खेलाडीको कोरोनाको पीसीआर परीक्षण पाटन अस्पतालमा गरिनेछ। अहिले ११ खेलाडी होटलमा बसेका छन्। २२ जना खेलाडी घरमा नै होम क्वारेन्टिनमा छन्। सुन्दर ढोका साथी सेवाको समन्वयमा एन्फाले बिहीबार एन्फा होस्टेल र एन्फा कार्यालय डिसइन्फेक्सन गरिसकेको छ। परीक्षणको रिपोर्ट आएपछि खेलाडीलाई एन्फा होस्टेलमा राखिनेछ। प्रशिक्षण अवधिभर खेलाडीले होस्टेल छाड्न पाउने छैनन्। मुख्य प्रशिक्षक योहान कालिन नरहेको अवस्थामा सहायक प्रशिक्षक किरण श्रेष्ठले नेपाली टोलीलाई प्रशिक्षण दिने छ। गोलकिपिङ प्रशिक्षकमा एन्फाले राष्ट्रिय टोलीका पूर्वगोलरक्षक विकास मल्ललाई नियुक्त गरिसकेको छ। एन्फाले १० देखि १२ जना सम्मको समूहमा राखेर खेलाडीलाई प्रशिक्षणमा सहभागी गराउने तयारी गरेको छ।

छनोटको तयारीका लागि अहिले ३३ जना खेलाडीलाई बन्द प्रशिक्षणमा बोलाएको छ। विश्वकप छनोटअन्तर्गत नेपालले ३ वटा खेल घरेलु मैदानमा खल्ने योजना छ। नेपालले आगामी असोज २२ गते चाइनिज ताइपेईसँग खेल्दै छ। त्यसको ५ दिनपछि अर्थात असोज २७ गते अष्ट्रेलियासँग खेल्ने तालिका छ। कात्तिक २७ गते जोर्डनसँगको खेलपछि नेपालको विश्व कप छनोट खेल समाप्त हुनेछ। विश्व कप छनोटका यसअघिका ५ खेलमा नेपालले ४ मा हार र १ मा जित निकालेको छ।

# बक्सिङ संघको स्वागत



**काठमाडौं, मस–** नेपाल बक्सिङ संघले राष्ट्रिय खेलकुद परिषद् (राखेप) नवनियुक्त पदाधिकारी र सदस्यहरुको सम्मानमा आइतबार स्वागत तथा बधाइ कार्यक्रम आयोजना गर्‍यो।

उपाध्यक्ष शिव कोइराला, सदस्य-सचिव रमेशकुमार सिलवाल तथा सदस्यद्वय अर्जुनबहादुर केसी र सुभास श्रेष्ठलाई बक्सिङ संघका अध्यक्ष राम अवालेले मायाको चिनो प्रदान गरी कार्यकाल पूर्ण सफलताका लागि शुभाकामना दिएका थिए।

उपाध्यक्ष कोइरालाले आवश्यकताका आधारमा राष्ट्रिय खेल संघको अस्तित्व स्वीकार गर्न जरुरी भएको बताउदै संघहरुको वर्गीकरण गर्न आवश्यक रहेको बताए।

सदस्य-सचिव सिलवालले कुनैपनि खेलको विकासका लागि तल्लो तहदेखि नै खेलाडी पहिचान र खेलकुदको विकास गर्नु पर्नेमा जोड दिए। कार्यक्रममा बक्सिङका ओम्पियनत्रय राविराज थापा, उमेश मास्के र नरेन्द्र पुमा, राखेपअन्तर्गत राष्ट्रिय टिम तयारीका निर्देशक महेन्द्रकुमार राई, बक्सिङ प्रमुख प्रशिक्षक प्रकाश थापा मगर, बक्सिङका एसियाड पदक विजेता दीपक महर्जनलगायतको उपस्थिति थियो।

# प्रशिक्षक थापालाई कोरोना संक्रमण



**काठमाडौं, मस–** स्क्वास खेलका प्रशिक्षक हिराबहादुर थापालाई कोरोना संक्रमण पुष्टि भएको छ। थापाले गरेको परीक्षणमा आइतबार कोरोना पोजेटिभ देखिएको हो। नेपाली खेलकुद क्षेत्रमा कोरोना पोजेटिभ हुने उनी पहिलो ब्यक्ति बनेका छन्।

उनले आफूसँग खेल्ने साथीलाई कोरोना देखिएपछि आफुले पनि परिक्षण गर्दा पोजेटिभ आएको बताए।

आफ्नो स्वास्थ्य राम्रो रहेको तर साथीलाई पोजेटिभ देखिएको खबर आएपछि आफूले पनि शनिबार टेष्ट गर्दा कोरोना देखिएको भनेर खबर आएको बताए। उनी अहिले सातदोबाटो स्थित स्क्वास भवनमा क्वारेन्टिनामा रहेका छन्। राखेपका प्रशिक्षक समेत रहेका थापाले सबैलाई सचेत रहन समेत आग्रह गरेका छन्। उनमा कोरोना देखिएपछि उनीसँग सम्पर्कमा रहेका ब्यक्तिको पनि ट्रेस हुने भएको छ।

# बार्सिलोना र बायर्न म्युनिख क्वारटफाइलमा भिड्ने




**काठमाडौं, एजेन्सी–** च्याम्पियन्स लिगको क्वाटरफाइनलम उपाधिका दुई दाबेदार मानिएका टोली क्याटलान क्लब बार्सिलोना र जर्मन च्याम्पियन बायर्न म्युनिख भिड्ने भएका छन्।

शनिबार राति आ-आफ्नो प्रतिद्वन्द्वीमाथि सहज जित निकाल्दै बार्सिलोना र बायर्नले क्वाटरफाइनलमा भेट पक्का गरेका हुन्। यी दुई टोलीबीचको खेल पोर्चुगलको लिस्वनमा १४ अगस्टमा हुनेछ। क्वाटरफाइनलका खेलहरु १२ अगस्टदेखि सुरु हुनेछ।

यी दुई टोली २०१५ यता पहिलोपटक भिड्न लागेका हुन्। २०१५ को च्याम्पियन्स लिगको सेमिफाइनलमा यी दुई टोलीले समान एक खेल जितेका थिए। ६ पटक आमनेसामने हुँदा बायर्नले चार तथा बार्सिलोनाले दुई खेल आफ्नो पक्षमा पारेको छ।

शनिबार राति भएको प्रि-क्वाटरफाइनलको दोस्रो लेगमा बार्सिलोनाले इटालियन प्रतिद्वन्द्वी नेपोलीमाथि ३-१ को तथा समग्रमा ४-२ को जित निकाल्दै क्वाटरफाइनलको यात्रा तय गरेको हो।

यता पोलिस फरवार्ड रोवर्ट लेवान्डोस्कीले दुई गोल तथा दुई असिस्ट दिएपछि जर्मन च्याम्पियन बायर्न म्युनिखले इंग्लिस क्लब चेल्सीमाथि ४-१ को तथा समग्रमा ७-१ को जित निकाल्दै अन्तिम आठमा स्थान बनाएको छ।

बार्सिलोनाको जितमा क्लेमेन्ट लेङ्लेट, कप्तान लियोनेल मेस्सी र लुइस सुआरेजले गोल गर्दा नेपोलीका लोरेन्जो इन्सिग्नेले एक गोल फर्काएका थिए। बायर्नको जितमा रोवर्ट लेवान्डोस्कीले दुई तथा इभान पेरिसिस र कोरेन्टिन टोलिसोले गोल गर्दा चेल्सी टम्मी अब्राहमले एक गोल फर्काए।

बार्सिलोनाका लागि बायर्नविरुद्ध कप्तान लियोनेल मेस्सी, लुइस सुआरेज र एन्टोइन ग्रिजमन मुख्य हतियार हुनेछ। बायर्नका लागि रोवर्ट लेवान्डोस्की नै मुख्य हतियार हुनेछन्।

# एम्बाप्पे पीएसजीको टिममा समेटिए

**काठमाडौं, एजेन्सी–** फ्रेन्च क्लब पेरिस सेन्ट जर्मेन (पीएसजी) ले च्याम्पियन्स लिग अन्तर्गत एटलान्टाविरुद्धको क्वाटरफाइनल खेलका लागि चोटसँग संघर्षरत युवा स्टार केलियन एमबाप्पेलाई टोलीमा समेटेको छ।

एमबाप्पेले २५ जुलाईमा सेन्ट इटिनेविरुद्धको फ्रेन्च कप फाइनल दौरान चोट बोकेका थिए। उनी पूर्णरुपमा फिट हुन कम्तीमा तीन साता लाग्ने बताइए पनि पीएसजीले आफ्ना स्टार फरवार्डलाई टोलीमा समेटेको हो।

सेन्ट इटिनेका डिफेन्डर लोइच पेरिनले घातक फल गरेपछि एमबाप्पे खेलको ३१औं मिनेटमा नै मैदान छोड्न बाध्य भएका थिए। पीएसजीले १-० ले उपाधि जितेपछि उनले बैशाखीकै साहारामा टिमसँग खुशियाली मनाएका थिए।

पीएसजीले एटलान्टासँग १३ अगष्टमा पोर्चुगलको लिस्वनमा खेल्नेछ। पीएसजीले जर्मन क्लब बोरुसिया डर्टमुण्डलाई समग्रमा ३-२ ले पराजित गर्दै अन्तिम आठमा स्थान पक्का गरेको थियो। 'समय निकै कम छ। हामी टोलीको डाक्टरसँग नियमित छलफलमा छौं। फेरि अर्कोपटक यस विषयमा छलफल हुनेछ। एमबाप्पे एटलान्टासँगको खेल सम्ममा ठीक हुनेमा हामी आशावादी छौ। तर उनी खेल्न नसक्ने भएको खण्डमा बेञ्चमा नै बस्ने छन्,' पीएसजीका प्रशिक्षक थोमस टुचेलले भने। पीएसजी सेमिफाइनल पुगेको अवस्थामा एमबाप्पेले खेल्न सक्ने प्रशिक्षक टुचेलको विश्वास छ।

पीएसजीको २८ सदस्यीय टोलीमा नेयमार, एन्जल डी मारिया, थियागो सिल्भा, माउरो इकार्डी, लेभिन कुर्जावा, केलर नाभास, पाब्लो साराविया लगायतका खेलाडी छन्। पीएसजी एटलान्टालाई पराजित गर्दै १९९४-९५ को सिजनपछि पहिलोपटक सेमिफाइनलमा पुग्ने लक्ष्यमा हुनेछ। सेमिफाइनलमा पुगेको खण्डमा पीएसजीले स्पेनिस क्लब एट्लेटिको म्याड्रिड र जर्मन आरबी लाइप्जिग बीचको विजेतासँग खेल्नेछ।

# पिर्लो युभेन्टसको प्रशिक्षक नियुक्त




**काठमाडौं, एजेन्सी–** युभेन्ट्सले आफ्ना पूर्व स्टार खेलाडी आन्द्रे पिर्लोलाई नयाँ मुख्य प्रशिक्षकका रुपमा नियुक्त गरेको छ।

युभेन्टस च्याम्पियन्स लिगको प्रि क्वार्टरफाइनलबाटै बाहिरिएपछि माउरिजियो सार्रीलाई बर्खास्त गरेको थियो। त्यसको केहि घन्टामा युभेन्ट्सले पिर्लोलाई नयाँ प्रशिक्षकका रुपमा प्रस्तुत गरेको हो।

गत महिना मात्र पिर्लो युभेन्ट्सको यू-२३ को प्रशिक्षक नियुक्त भएका थिए। ४१ वर्षे पिर्लोले यसअघि कुनै पनि युवा वा सिनियर टोलीलाई प्रशिक्षण दिएका थिएनन्।

युभेन्टस च्याम्पियन्स लिगको राउन्ड अफ १६ मा लियोनसँग २-२ को बराबरी खेलेपछि अवे गोलको आधारमा प्रतियोगिताबाट बाहिरिएको थियो।

पहिलो लेगमा १-० को हार बेहोरेको युभेन्टसले घरेलु मैदानमा शुक्रबार २-१ को जित दर्ता गरेपनि अगाडि बढ्न सकेन। युभेन्टसको जितमा दुवै गोल क्रिस्टियानो रोनाल्डोले गरेका थिए। सिजनको सुरुवातमा चेल्सी छोडेर युभेन्टस आएका सार्रीले च्याम्पियन्स लिगमा खराब प्रदर्शन गर्नु नै बर्खास्तीको मुख्य कारण रहेको बताइएको छ।


## Chaurjahari Municipality
## Office of the Municipal Executive
**Chaurjahari, Rukum (West)**
**Karnali province, Nepal**

## INVITATION FOR BIDS

(First Date of publication :- 2077.04.25 B.S.)

1. The, **Chaurjahari Municipality** Office has allocated funds towards the cost of following projects and intends to apply part of the funds to cover eligible payments under the Contract for following projects. Bidding is open to all eligible Nepalese Bidders.
2. **Chaurjahari Municipality** Office invites sealed bids from eligible bidders for the following projects under National Competitive Bidding procedures.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the **Chaurjahari Municipality, Chaurjahari, Rukum (West)** Phone No.: 088401146 Mobile No.:- 9843038185, 9857826111
4. A complete set of Bidding Documents may be purchased from the office of Chaurjahari Municipality, Chaurjahari Rukum (west) Phone No.: 088401146 Mobile No.:- 9843038185, 9857826111 by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and up on payment of a required fee till **15th day (2077/05/07) from first published date during office period.**
5. Sealed bid must be submitted to the **Chaurjahari Municipality, Chaurjahari Rukum (west)** by hand/courier before **12:00 PM on 16th day (2077/05/08) of publication.** Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **14:00 PM on 16th day (2077/05/08)** at the **Chaurjahari Municipality** Office. If the bidder's representative does not choose to attend for opening, there will be no objection in opening the tender.
7. Bids must be valid for a period of **90 days** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security amounting to a minimum of 2.5% of Estimated amount, which shall be valid for 30 days beyond the validity period of the bid. If the bidder wishes to submit the bid security in the form of cash, the amount should be deposited in **Banijya Bank Ltd. Chaurjahari Branch, Account Name: Chaurjahari Municipality, Rukum (West) Dharauti Khata, Account Number: 43300303030002 or bank guarantee.** And bid document fee must be deposited in **Rastriya Banijya Bank Ltd. Chaurjahari Branch, Internal Rajaswa Khata , Account No. 43300301010002.**
8. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

| Contract No. | Name of Work | Bid document fee (Non-refundable) | Estimated Amount (Including VAT) | Bid Security |
|---|---|---|---|---|
| CJM/GOODS/NCB/01/077/078 | Fabrication of Steel Parts and Transportation up to Road heads of Chaurajhari, Rukum (West) | NRs. 1000/- | Nrs. 16,08,035.00 | Nrs. 40,300.00 |

**Ram Bahadur K.C.**
**Chief Administrative Officer**

# अनलाइनबाटै मिटर रिडिङ

**मध्यान्ह संवाददाता**
काठमाडौं, २५ साउन



नेपाल विद्युत प्राधिकरणले घरायसी ग्राहकको घरमा रहेका सिंगल फेज मिटरलाई हटाई स्मार्ट मिटर जडान गर्न सुरु गरेको छ । ऊर्जा, जलस्रोत तथा सिंचाइमन्त्री वर्षमान पुनले आइतबार काठमाडौंको बूढानिलकण्ठ नगरपालिका-९को वडा कार्यालय मंडिखाटारमा रहेको सिंगल फेज मिटरलाई स्मार्ट मिटरले प्रतिस्थापन गरी जडान कार्यको शुभारम्भ गरेका हुन् ।

मुलकभर हाल करिब ५० लाख सिंगल फेजका ग्राहक रहेकोमा पहिलो चरणमा रत्नपार्क र महाराजगंज वितरण केन्द्रअन्तर्गतका ग्राहकहरुको सिंगल फेज र थ्रि फेज गरी करिब एक लाख मिटरलाई स्मार्ट मिटरले प्रतिस्थापन गरिने छ। स्मार्ट मिटर जडानको सुरुवातसँगै प्राधिकरणले अगाडि सारेको ‘ डिजिटल एनईए’ कार्यान्वयनतर्फ गएको छ । स्मार्ट मिटर प्रयोगमा आएपछि ग्राहकको घरघरमा गएर मिटर रिडिङ गर्नु पर्ने छैन । विद्युत् खपतको डाटा दुवैतर्फ प्रसारण हुन सक्ने हुँदा केन्द्रबाटै मिटर रिडिङ गर्न सकिने र विल नतिर्ने ग्राहकको लाइन केन्द्रबाटै अनलाइन काट्न सकिने छ। मिटर रिडिङको कारणले हुने विद्युत् चुहावट नियन्त्रण हुने छ । कसैले मिटर बाइपास गरी विद्युत चोरी गर्न खोजेमा त्यसको जानकारी हुने हुँदा चोरी नियन्त्रणमा प्रभावकारी हुने छ । स्मार्ट मिटरमा एकीकृत लोडमात्र प्रयोग गर्न पाउने गरी सेटिङ गर्न सकिने हुँदा डिमाण्ड चुहावट नियन्त्रण हुन्छ ।

कार्यक्रममा मन्त्री पुनले सरकारले अगाडि सारेको समृद्ध नेपाल, सुखी नेपालीको लक्ष्य राज्यका निकायले प्रवाह गर्ने सेवाको आधुनिकरण र चुस्तता कायम गर्नु भएको उल्लेख गर्दै त्यसलाई पूरा गर्न स्मार्ट मिटर जडानको सुरुवात एउटा कोशेढुंगा भएको बताए । ‘स्मार्ट मिटरको जडान मात्रै हैन, संघीय राजधानीलगायत मुलुकका मुख्यमुख्य सहरमा विद्युत वितरण प्रणालीलाई भूमिगत गरी सहरी सौन्दर्यता बढाउन र प्रणालीलाई विश्वसनीय तथा भरपर्दो बनाउन काम गरिरहेका छौं’, प्राधिकरण संचालक समितिका अध्यक्षसमेत रहेका मन्त्री पुनले भने। ‘प्राधिकरणको प्रस्तावमा विद्युत नियमन आयोगमार्फत इतिहासमै पहिलोपल्ट उपभोक्ता महसुल घटाएका छौं भने प्राधिकरणलाई दुई वर्षदेखि सबैभन्दा बढी नाफा कमाउने मुलककै एक नम्बरको संस्था बनाउन सफल भएका छौं, इमान्दार प्रयास गरिएमा गर्न सकिन्छ भन्ने पुष्टी भएको छ ।’ उनले मुलुक छिट्टै ऊर्जामा आत्मनिर्भर हुने पनि बताए । ऊर्जा, जलस्रोत तथा सिंचाइ सचिव दिनेशकुमार घिमिरेले मन्त्रालयले दुई वर्षअघि स्वतपत्रमार्फत घोषणा गरिएको ५ वर्षभित्र स्मार्ट ग्रिड र मिटरमिटर लागू गर्ने भनिएको कार्यक्रम कार्यान्वयनको उत्साहजनक प्रगति रहेको बताए । उनले वितरण प्रणालीलाई भूमिगत बनाउने र स्मार्ट मिटरको प्रयोगलाई समानान्तर रुपमा अगाडि बढाइने जानकारी दिए । प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले स्मार्ट मिटरको प्रयोगपछि मिटर रिडिङका लागि कर्मचारी आवश्यक नपर्ने हुँदा आगामी दिनमा २ हजार ५ सय देखि ३ हजारसम्म कर्मचारीको खर्च कम हुने बताए ।

‘स्मार्ट मिटरमा हरेक घण्टाको महसुल फरक-फरक कायम गर्न सकिने हुँदा पिक, अफ पिक र नर्मल समयमा ग्राहकको फरक-फरक महसुल तोक्न सकिने छ, साथै अव चाँडै वर्षायाममा बढी विद्युत उत्पादन हुँदैछ, त्यसको खपत बढाउन सस्तो महसुल कायम गर्न सकिन्छ भने हिउँदयामको महसुल पनि फरक तोक्न सकिने छ ।’,उनले भने । ‘स्मार्ट मिटरमा पोष्ट पेड र प्रि पेड दुवै फङसन हुने हुँदा ग्राहको ईच्छाअनुसार पोष्ट पेड र प्रि पेड गर्न सकिने छ, ग्राहकले जुनसुकै ठाउँबाट अनलाइन विल भुक्तानी गर्न सक्ने हुँदा सजिलो हुन्छ ।’ प्राधिकरणले पहिलो चरणमा देशभरका ८ हजार २ सय २२ टाइम अफ डे (टिओडी) मिटरहरुलाई स्मार्ट बनाइसकेको छ। दोस्रो चरणमा देशभरका करिब १ लाख २५ हजार थ्रि फेज होल करेन्ट मीटरहरुलाई स्मार्ट मिटरले प्रतिस्थापन गर्ने काम भइरहेको छ। यस्ता करिब १८ हजार मीटर जडान भइसकेका छन् । ६० हजार मिटर जडान भइरहेको छ ।

नयाँ थ्रि फेज मिटर सबै नै स्मार्ट जडान हुँदै आएको छ। स्मार्ट मिटरको प्रभावकारी प्रयोगका लागि आवश्यक ‘कम्युनिकेसन व्याकबोन’ काठमाडौं उपत्यकाभरीलाई हुने गरी जडान गरिने छ । यसको र सिंगल फेज स्मार्ट मिटर जडानको लागत करिब १ अर्ब रुपैयाँ रहेको छ । यसमा एसियाली विकास बैकले सहुलितपूर्ण ऋण दिएको छ । काठमाडौं उपत्यकामा हाल रहेका करिब ४ लाख मिटरलाई स्मार्ट मिटरले प्रतिस्थापन गर्न बोलपत्र प्रक्रिया अगाडि बढाइएको छ । प्राधिकरणले मुलुकभरका सबै ग्राहकको मिटरलाई स्मार्ट बनाउने गरी कार्यक्रम अगाडि बढाएको कार्यकारी निर्देशक घिसिङले जानकारी दिए ।

# अब बैंकका कर्मचारीले पनि घरबाटै काम गर्न सक्ने

**काठमाडौं/मस**–अब बैंक तथा वित्तीय संस्थाहरुका कर्मचारीले पनि घरबाटै काम गर्न पाउने भएका छन् । नेपाल राष्ट्र बैंकले आइतबार एक निर्देशन जारी गर्दै बैंक तथा वित्तीय संस्थाहरुका कर्मचारीहरुलाई पनि घरबाटै काम गर्न सकिने गरी निर्देशन दिएका हो । राष्ट्र बैंकले पछिल्लो समय संक्रमित थपिँदै गर्दा जोरविजोर प्रणालीका कारण कर्मचारीहरु कार्यालयसम्म आउन नसक्ने हुँदा यस्तो व्यवस्था गरिएको जानकारी दिएको हो । राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थालाई सबै कर्मचारीलाई एकै पटक काममा नलगाउन पनि निर्देशन दिएको छ। आवश्यक्ता अनुसार समूह विभाजन गरी आलोपालो प्रणालीमा कर्मचारी उपस्थित हुने ब्यवस्था मिलाउन राष्ट्र बैंकले निर्देशन गरेको हो । प्रदेशस्थित शाखा कार्यालयहरुको हकमा सम्बन्धित प्रदेश सरकार, स्थानीय तह र स्थानीय प्रशासन मार्फत हुने निर्णय वा सूचनालाई समेत आधार मानी प्रदेश कार्यालयहरुसँगको समन्वयमा न्यूनतम कर्मचारीबाट बैंक तथा वित्तीय संस्थाहरुको सेवा सुचारु गर्न निर्देशन दिएको छ ।

# आयरल्यान्ड-नेपाल चेम्बर अफ कमर्स गठन

**काठमाडौं/मस**–आयरल्यान्डका प्रतिष्ठित उद्योगी तथा व्यापारी भिन्सेन्ट व्यारीको अध्यक्षतामा आयरल्यान्ड-नेपाल चेम्बर अफ कमर्स गठन भएको छ । शनिबार आयोजना गरिएको एक भर्चुअल कार्यक्रममार्फत आयरल्यान्डका लागि नेपाली राजदूत दुर्गाबहादुर सुवेदीले औपचारिक रूपमा आयरल्यान्ड-नेपाल चेम्बर अफ कमर्स गठन भएको घोषणा गरेका हुन् ।

चेम्बर नयाँ कार्यसमितिका उपाध्यक्ष तथा प्रमुख कार्यकारी अधिकृतमा दीपेशमान शाक्य, अन्य उपाध्यक्षमा प्रा डोरक टर्ली, जीवन तिमिल्सिना, गणेश प्रसाई र नवराज कोइराला रहेका छन् । निर्देशक पदमा रही विभिन्न क्षेत्रको जिम्मेवारी हेर्न प्रकाश माली, बालकृष्ण श्रेष्ठ, राजन काफ्ले, अलान मर्सेल सन्का र ओम अधिकारी चयन भएका छन् ।

त्यस्तै महासचिवमा एलिसन इरविन, सहसचिवमा चन्द्रकला निरौला तथा अन्य विशिष्ट तथा कार्यकारी सदस्यमा क्रमशः पाट फाल्भी, नियोल हाना, जोन बुर्के, रोव मोर्तेल, टोनी नेशन, शेन रिनान, एन्थोनी करार्ड, इमर कनोली, सराह वेस्ट र विनोद कार्की चयन हुनुभएको छ । संस्थाको सल्लाहकारहरूमा क्याथरिन नुन, लिन्डा मेक नल्टी, पिटर वार्यन, मनोजबहादुर श्रेष्ठ, जोन किर्नस, महन्त श्रेष्ठ र गङ्गाराम कँडेल मनोनयन भएका छन् ।

कार्यक्रममा राजदूत सुवेदीले आयरल्यान्ड-नेपाल चेम्बर अफ कमर्स गठनबाट आयरल्यान्डबाट नेपालमा लगानी अभिवृद्धि गर्न र नेपाली वस्तु तथा सेवाहरूको व्यापार आयरल्यान्डमा विस्तार गर्न थप सहज भई पर्यटन प्रवर्द्धनमा समेत सहयोग पुग्ने विश्वास व्यक्त गरेका थिए । आयरल्यान्ड-नेपाल चेम्बर अफ कमर्सका नवनिर्वाचित अध्यक्ष भिन्सेन्ट व्यारीले आफू सधैं नेपालको सच्चा मित्र रहेको स्मरण गराउँदै द्विपक्षीय व्यापार, लगानी र अन्य सहयोगको विस्तारका लागि आफू र आयरल्यान्ड (नेपाल चेम्बर अफ कमर्स सधैं सक्रिय रहने जानकारी गराएका छन् ।

आयरल्यान्डका संसद्का सभामुख सिन ओ फर्घाइलले शुभकामना मन्तव्य पठाउनु हुँदै आयरल्यान्ड-नेपाल चेम्बर अफ कमर्सको गठनबाट नेपाल र आयरल्यान्डबीच व्यापार र लगानी अभिवृद्धि गर्न सघाउ पुग्न जाने भएकाले यसको कार्यमा आफ्नो पूर्ण सहयोग रहने बताउनुभएको थियो । दिल्लीस्थित आयरल्यान्डको दूतावासका उपनियोग प्रमुख पिटर ओ कनेलले नेपाल र आयरल्यान्डबीच द्विपक्षीय सहयोग, व्यापार र लगानी विस्तार गर्न आयरल्यान्ड-नेपाल चेम्बर अफ कमर्सलाई आयरल्यान्ड सरकारको सहयोग निरन्तर रहने जानकारी गराएका थिए ।

आयरल्यान्ड-नेपाल चेम्बर अफ कमर्सका उपाध्यक्ष तथा प्रमुख कार्यकारी अधिकृत शाक्यले आगामी दिनहरूमा नेपालमा व्यापार र पर्यटन एवं नेपालमा आयरल्यान्डको लगानी विस्तार गर्न क्रियाशील रहने विचार व्यक्त गरेका थिए ।

### मेटलाइफ फाउन्डेसन र प्लान इन्टरनेशनल नेपालद्वारा

# ४० हजार नेपालीलाई राहत वितरण

**काठमाडौं/मस**–कोभिड १९ बाट प्रभावित समुदायमा रहेका जोखिम समुहसम्म पुग्नका लागि मेटलाइफ फाउन्डेशनले प्लान नेपालसँग काम गरिरहेको छ। प्लान नेपालले आयको स्रोत गुमाएका तथा कृषिमा निर्भर रहेका गरीब र जोखिममा रहेका परिवारलाई नगदे वाली तथा घरमा तरकारी उब्जाउनका लागि बीउ विजन तथा मलखाद लगायत परम्परागत कृषि उपकरण प्रदान गरी निजहरुलाई सहयोग पुऱ्याउने लक्ष्य राखेको छ।

मेटलाइफ फाउन्डेसनद्वारा ४४,००० अमेरिकी डलर आर्थिक सहयोग गरेको संयुक्त कार्यक्रमले प्लान नेपालले स्थानीय नेपाल सरकारसँग समन्वय गरी आय आर्जन नभएको र सीमित वैकल्पिक आयश्रोत भएका वा त्यस्तो वैकल्पिक आयश्रोत नै नभएका अत्यन्त जोखिममा रहेका परिवारको पहिचान गर्न मद्दत गर्दछ । यसका अतिरिक्त प्लान नेपालले किशोरावस्थामा रहेका नारीहरूको विशेष आवश्यकता परिपुर्तिको सहयोग गर्ने र हात धुने उचित तरिका सिकाउने तथा नेपाल सरकारबाट निर्धारित समुदायको असल अभ्यासलाई मद्दत गर्ने कार्य जारी राख्ने छ ।

अन्तत, स्थानीय नेपाल सरकारसंग समन्वय गरी छनौट भएका परिवार, महिला मुली रहेका परिवार र आय नभई नेपालमा फर्किएका परिवार लगायत अत्याधिक जोखिममा रहेका परिवारहरुलाई संलग्न गराई महामारीबाट सृजित जोखिमको सामना गर्न साना व्यवसायीहरुका लागि साना व्यवसाय अनुदान प्रदान गरिनेछ। मेटलाइफ नेपालका उपाध्यक्ष तथा महाप्रबन्धक निर्मल काजी श्रेष्ठले भने ‘कोभिड १९ का कारण हुन गएको लकडाउनले धेरै आर्थिक गतिविधिहरू बन्द भएका छन् । यसबाट दैनिक ज्यालाबाट गुजारा गरिरहेका न्युन आयस्रोत भएका र अनौपचारिक क्षेत्रका कामदारहरू सबैभन्दा बढी प्रभावित भएका छन् । हाम्रो समाजका अत्याधिक जोखिममा रहेका समुहलाई सहयोग गर्ने र यस्तो संकटको घडीमा पनि लैङ्गिक समानता बढाउने अवसरको प्रयोग गर्ने कार्यमा प्लान नेपाललाई मेटलाइफ फाउन्डेसनले सहयोग गरेको देख्न पाउँदा हामीलाई गर्व लागेको छ ।

‘प्लान इन्टरनेसनल नेपालका सहायक आपतकालिन प्रबन्धक, भुषाण अर्याल भन्छन्,“आयश्रोत गुमाएका, दैनिक ज्यालादारीमा काम गरि आएका, विदेशमा रोजगारी गुमाई स्वदेशमा फर्किएका र हाल जीविकाका लागि कठिन संघर्ष गरिरहेका बाँके जिल्ला, बैजनाथ गाउँपालिका स्थित कोभिड १९ को महामारीबाट गम्भीर असर परेका गरीब र जोखिमयुक्त परिवारलाई सहयोग गर्न पाउँदा प्लान इन्टरनेशनल नेपाल खुशी छ। हामी, हाम्रो साझेदार संस्था र स्थानीय सरकारसँगको नजिकको समन्वयमा निजहरुलाई कोभिड १९ को नकरात्मक प्रभावबाट बचाउन सहयोग गर्नेछौं र परियोजना क्षेत्रमा ७,००० घरधुरीमा बस्ने ४०,००० मानिसहरू बीचमा कोभिड १९ संक्रमण रोक्नका लागि व्यापकरुपमा चेतना फैलाउन कार्य गर्नेछौं ।’

# ग्लोबल आइएमई बैंकको एक्सटेन्सन काउण्टर दाङको घोराहीमा



**काठमाडौं/मस**–ग्लोबल आइएमई बैंक लिमिटेडले आइतबार दाङको घोराहीमा नयाँ एक्सटेन्सन काउण्टर सञ्चालनमा ल्याएको छ। मालपोत कार्यालय, घोराहीका प्रमुख विनोद कुमार पौडेलले बैंकको ४०औं एक्सटेन्सन काउण्टरको उद्घाटन गरेका हुन् ।

बैंकले सेवाग्राहीको बढ्दो चाप र बिस्तारित बैंकिङ्ग सेवाको आवश्कतालाई मध्यनजर गर्दै दाङ जिल्लाको घोराही उप-महानगरपालिका वडा नं. १५ स्थित भूमीसुधार तथा मालपोत कार्यालय परिसरमा एक्सटेन्सन काउण्टर सञ्चालनमा ल्याएको हो । बैंकले मालपोत कार्यालय अन्तर्गतका सेवाग्राही लगायत अन्य ग्राहकहरुलाई बैंकिङ्ग सेवा प्रदान गर्ने प्रयोजनार्थ यस एक्सटेन्सन काउण्टर सुरु गरेको हो । ग्लोबल आइएमई बैंकले सबै क्षेत्र र वर्गसम्म बैंकिङ्ग सेवाको पहुँच पुऱ्याउने उद्देश्यले ७१ वटा जिल्लामा फैलिएको शाखा सञ्जाल सहित २३४ एटिएम, ४० एक्सटेन्सन काउण्टर तथा राजश्व संकलन काउण्टर, २०३ शाखा रहित बैंकिङ्ग सेवा र ३ अन्तर्राष्ट्रिय प्रतिनिधि/सर्म्पक कार्यालय मार्फत आफ्ना २० लाख भन्दा बढि ग्राहकहरु माझ सेवा प्रदान गर्दै आइरहेको छ ।

पदीय दायित्व पूरा नगर्नु भनेको समाज र राष्ट्रको लागि धोखा हो ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

COVID-19 NOVEL CORONA VIRUS (nCOV)
जनहितका लागि जारी जनचेतनामूलक सन्देश

नोबेल कोरोना भाइरस (Covid-19) का मूख्य लक्षणहरु

ज्वरो (१००.४° F भन्दा माथि)
श्वासप्रश्वासमा अत्याधिक समस्या
रुघा र खोकी

नोबेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ताभित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।

कसरी आफू बच्ने र अरुलाई बचाउने ?

नियमित रूपमा साबुन पानीले हात धुने ।
खोक्दा र हाछ्युँ गर्दा नाक र मुख छोप्ने ।
फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।
फ्लू जस्तो लक्षण देखिने जो कोहीको सम्पर्कबाट टाढा रहने ।
जङ्गली तथा घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा रहने ।
पशुजन्य मासु, दुध तथा अण्डा राम्रोसँग पकाएर खाने ।

मध्यान्ह
कार्यालय
बागबजार, काठमाडौं
फोन नं. ०१-४२२६३६६

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: बागबजार, काठमाडौं, फोन: ४२२६३६६, ४२२८२९८ ई-मेल: madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रक: एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**